मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुर्घटनामा मृत्यु भएका परिवारलाई मउवासंघको सहयोग

हेटौंडा, ३० जेठ/मकवानपुर उद्योग वाणिज्य संघले आफ्ना दुईजना सदस्यको दुर्घटनामा मृत्यु भएकाले दुवै मृतकका परिवारलाई जनही दुई लाख रुपैयाँका दरले सहयोग रकम उपलब्ध गराएको छ ।

संघको आफ्नै व्यवसायी हितकोषबाट रकम प्रदान गरिएको संघका अध्यक्ष कृष्णकुमार गुप्ताले बताए । बीमा कम्पनीको प्रिमियम अत्यधिक बढेपछि संघले आफ्नै कोषबाट भारबहन गर्नेगरी रकम उपलब्ध गराउने प्रावधान बनाएको छ । हेटौंडाका व्यवसायी केशवप्रसाद मुडभरी र दिनेश कार्कीको सडक दुर्घटनामा परी मृत्यु भएको थियो । उनीहरुको परिवारलाई संघमै बोलाइ बुधबार रकम हस्तान्तरण गरिएको हो ।

# हेटौंडा नगरमा गर्मी छुट्टी, मनहरीमा विहानी कक्षा

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ अत्यधिक गर्मी बढेर जनजीवन अस्त व्यस्त भएपछि हेटौंडा उपमहानगर पालिकाले शिक्षण संस्थाहरुमा दुई दिनका लागि विदा दिएको छ ।

बढ्दो गर्मीका कारण बालबालिकाको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै अभिभावकले बिदा दिन अनुरोध गरेपछि हेटौंडा उपमहानगरपालिकाले जेठ ३१ र ३२ गते सामुदायिक र संस्थागत विद्यालय बन्द रहने निर्णय गरेको हो । बुधबार हेटौंडा उपमहानगर शिक्षा निर्देशक सीताराम कोइरालाले सूचना जारी गर्दै अत्यधिक गर्मीका कारण विद्यार्थी विरामी परेको तथा पठनपाठनमा असहजता भएकाले केही समय विद्यालय बन्द गर्न जनप्रतिनिधि, विद्यालय तथा अभिभावकबाट अनुरोध आएपछि बर्षे विदाबाट कट्टी हुने गरी जेठ ३१ र ३२ गते विद्यालय बन्द रहने जानकारी दिएका छन् ।




मनहरी गाउँपालिकामा भने बिहानी कक्षा संचालन गरिएको छ । सोमबार गाउँ शिक्षा समितिले विद्यालयको परिस्थिति हेरेर निर्णय गर्ने अधिकार विद्यालय ब्यवस्थापन समितिलाई दिने निर्णय गरेको थियो । अधिकांश विद्यालयले बुधबारदेखि अर्को ब्यवस्था नभएसम्मका लागि विहानी कक्षा संचालन गर्ने निर्णय गरेका छन् । मनहरी-४ वडा कार्यालयले बिहानी कक्षा संचालन गर्न विद्यालयलाई पत्राचार गरेपछि बुधबारबाट बिहान ६ बजेदेखि ११ बजेसम्म कक्षा संचालन गरिएको पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए ।

मकवानपुरको थाहा नगरपालिका, भीमफेदी, ईन्द्रसरोवर, कैलाश, मकवानपुरगढी, राक्सिराङ लगायत गाउँपालिकाले दिउँसोको समयमा नै कक्षा संचालन गरिरहेको जिल्ला समन्वय समितिका प्रमुख ललित घलानले बताए । स्थानीय तहमा माध्यमिक तहको शिक्षाको अधिकार भएकाले समय र परिस्थिति अनुकूल निर्णय गर्न सक्ने जिसस प्रमुख घलानले जानकारी दिए ।

यसैगरी बकैया-५ ले पनि वर्षेबिदाबाट कट्टा हुनेगरी जेठ ३१ र ३२ गते दुई दिन विद्यालय छुट्टी दिने निर्णय गरेको छ । बकैया गाउँपालिका ५ नं. वडाअध्यक्ष लक्ष्मी जिम्बाले सूचना प्रकाशन गरी गर्मी चर्को भएका कारण विद्यालयमा पठनपाठन गर्न गराउन असहज भएकोले वर्षेबिदामा मिलान गर्ने गरी हाललाई २ दिन विद्यालय बिदा गर्ने जानकारी दिएकी छन् । मकवानपुरको धेरै गर्मी हुने बागमती, बकैया, मनहरी गाउँपालिका र हेटौंडा नगरपालिका हो ।

२०७२ को बिनाशकारी भुकम्प पछिका दिनमा विद्यालय भवन राम्रो बनेको भएपनि विद्युत नियमित हुन नसक्दा विद्यालयमा पठनपाठनमा समस्या हुने गरेको छ । कतिपय विद्यालयमा विद्युत सुबिधा उपलब्ध हुन सकेको छैन । भएका कतिपय विद्यालयले विद्युत महशुल बुझाउन नसकेका कारण लाइन काटिएको अवस्था छ । विद्युत सुबिधा उपलब्ध भएका विद्यालयमा पनि एउटा कक्षा कोठामा बढीमा दुईवटा पंखा राखिएका कारण पर्याप्त हुन सकेको छैन ।

शिक्षक दर्बन्दी अभावका कारण एउटै कक्षामा ९६ जना विद्यार्थी राखेर पढाउनु पर्दा पंखाले खासै काम नगर्ने मनहरी-४ स्थित पशुपतिनाथ माविका प्रअ आचार्य बताउँछन् । कक्षा ६ मा ८८ जना, ७ मा ९६ जना राखेर पठनपाठन गरिएको प्रअ आचार्यले बताए । कक्षा ८ मा ९० जना विद्यार्थीलाई जसोतसो सेक्सन बिभाजन गरिएको भएपनि ६ र ७ मा सेक्सन बिभाजन गर्न नसकेका कारण कक्षाकोठामा पस्नै नसक्ने अवस्था रहेको उनले बताए ।

बिहानैदेखि चर्को घाम लाग्ने र दिनभर कक्षाकोठामा पनि आलस्य हुने अवस्था रहेको विद्यार्थीहरुले बताएका छन् । मनहरी गाउँपालिकाले विहानी कक्षा संचालन गर्ने अधिकार विद्यालयलाई नै दिएपछि विद्यालयहरु बिहानको समयमा खुल्न थालेका छन् । नेपालको पूर्वी क्षेत्रबाट मनसुन प्रबेश गरेको मनसुनबिद्हरुले बताएको भएपनि नियमित पानी पर्ने अवस्था अझै केही समयसम्म नदेखएको बताइएको छ ।

# बागमती प्रदेशसभा बैठक असार ३२ गते बस्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ बागमती प्रदेशसभा बैठक पर्सी जेठ ३२ गते शुक्रबारका दिन अपरान्ह ३ बजे बस्न आव्हान गरिएको प्रदेश सभा सचिवालयले जनाएको छ ।




शुक्रबार बस्ने पूर्णबैठकमा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले प्रदेश सरकारका तर्फबाट चालु आर्थिक वर्षको आर्थिक सर्बेक्षणको प्रस्ताव पेश गर्ने भएका छन् । प्रदेशसभाका सचिव पूर्णबहादुर दर्जीले दिएको जानकारी अनुसार प्रदेश सभाबाट आर्थिक सर्भेक्षण प्रस्ताव पारित भएपछि आगामी आर्थिक वर्षका लागि बजेट ल्याउने बाटो खुल्नेछ ।

यसअघि जेठ ३२ गते शुक्रबार मध्यान्ह १२ बजे संसदको कार्यपरामर्श ब्यवस्थापन समितिको बैठक बसी आगामी आर्थिक वर्ष २०८१/८२ का लागि असार १ गते शनिबार प्रदेशसभामा बजेट सार्वजनिक गर्ने प्रदेशसभा सचिवालयका प्रमुखसचिव कृष्णहरि खड्काले बताए । सोही बैठकमा असार १ गते प्रदेश सभामा प्रतुत हुने बजेटको छलफलका लागि समयतालिका निर्धारण गर्ने कार्यसूची रहेको प्रमुखसचिव खड्काले जानकारी दिए ।

बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट असार १ गते अपराह्न ४ बजे बस्ने प्रदेशसभा बैठकमा प्रस्तुत हुने भएको छ । प्रदेशसभाका सभामुख भुवन कुमार पाठकले सरकारको बजेट सार्वजनिक गर्नका लागि असार १ गते ४ बजेका लागि बैठक आह्वान गरेका हुन् । बजेट प्रस्तुत भएलगत्तै संसदमा सरकारको आगामी आर्थिक वर्षको अर्थ सम्बन्धी विधेयक पेश हुने र केही दिनपछि बस्ने प्रदेशसभाको बैठकमा विधेयक माथि सांसदहरुले छलफल सहित संशोधन राख्नेछन् ।

प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि चालु आर्थिक वर्षकै हाराहारीमा बजेट ल्याउने तयारी गरेको छ । सरकारले आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, रोजगारी सृजनालाई प्राथमिकतामा राखेर बजेट ल्याउने तयारी गरेको बताइएको छ । सांसद विकास कोष खारेज भएपछि बजेटमा सन्तुलन कायम गर्न सरकारले प्रत्येक सांसदहरुको ३ करोड रुपैयाँको योजना बजेटमा समावेश गर्ने तयारी गरेको छ । बजेट संसदको बैठकबाट सार्वजनिक गर्ने तयारी अनुसार असार १ गतेका लागि प्रदेशसभा बैठक आह्वान गरिएको हो ।

ELITE AIMERS INSTITUTE The Dream Into AIM

लोक सेवा आयोग

बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा

विशेष नयाँ कक्षा

- शान्त तथा स्वच्छ वातावरण
- दक्ष तथा अनुभवी शिक्षक
- हरेक हप्ता Model Test
- Handsout को व्यवस्था

आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।

Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096, 9855057021,9804219546, 9855078775

# ब्यवस्थापकको क्षमता विकाससम्बन्धी तालिम



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ एनसीबीएल हेटौंडा शाखाको आयोजनामा ब्यवस्थापकको क्षमता विकाससम्बन्धी दुईदिने तालिम सम्पन भएको छ ।

मकवानपुरमा रहेका विभिन्न सहकारी संस्थामा कार्यरत ब्यवस्थापकका लागि हेटौंडामा भएको २ दिने क्षमता विकास तालिम बुधबार सम्पन्न भएको हो । राष्ट्रिय सहकारी बैंकको सदस्य सेवा महाशाखा प्रमुख रामबाबु आचार्यको सभाध्यक्षता तथा राष्ट्रिय सहकारी बैंकका संचालक सदस्य ध्रुवराज विष्टको प्रमुख आतिथ्यतामा तालिमको समापन गरिएको हो ।

समापन कार्यक्रममा राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखा समन्वय उपसमितिका सदस्य हरि प्रसाद पौडेल, हेटौंडा उपमहानगर सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, तालिममा सहभागी सानाकिसान कृषि सहकारी संस्थाका ब्यवस्थापक ज्योति सुवेदी, ग्रामीण बहुउद्देश्यीय सहकारी संस्थाका ब्यवस्थापक पुष्पा क्षेत्रीले तालिम निकै नै महत्वपूर्ण रहेको धारणा राखेका थिए ।

समापनमा बहुउद्देश्यीय सहकारी संघ मकवानपुरका अध्यक्ष रामहरि न्यौपाने लगायतको उपस्थिति रहेको थियो ।

राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाको आयोजनामा हेटौंडाको रोयल पाटी प्यालेसमा तालिमको आयोजना गरिएको थियो । एनसीबीएल सदस्य शिक्षा कार्यक्रम २०८०/८१ अन्तर्गत तालिम आयोजना गरिएको बैंकका हेटौंडा शाखा प्रमुख रामेश्वर अर्यालले बताए ।

सहकारीमा कार्यरत ब्यवस्थापकको क्षमता विकास गरी सक्षम सहकारी र कुशल प्रशासनिक नेतृत्व तयार गर्ने उद्देश्यले तालिम आयोजना गरिएको शाखाप्रमुख अर्यालले बताए ।

मकवानपुरका विभिन्न सहकारीका ४० जना ब्यवस्थापकको सहभागिता रहेको तालिममा प्रशिक्षकद्वय तेजप्रसाद बजगाई र रामेश्वर अर्यालले प्रशिक्षण दिएका थिए ।

# मउवासंघको सम्मान कार्यक्रम सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले आफ्नो सल्लाहकार, पूर्वअध्यक्ष, पदाधिकारी तथा सदस्य हालसालै विभिन्न सार्वजनिक पदमा निर्वाचित र नियुक्त हुनुभएकाले सम्मान गरेको छ ।

संघका अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा बुधबार एक कार्यक्रम आयोजना गरी सम्मान गरिएको हो । जसमा मउवासंघका सल्लाहकार श्रीधर पोखरेल नेकपा एमाले मकवानपुरको जिल्ला अध्यक्ष निर्वाचित भएका छन् । संघका निवर्तमान अध्यक्ष तथा केन्द्रीय सदस्य कृष्ण कटुवाल बागमती प्रदेश विश्वविद्यालयका संरक्षक समिति सदस्य पदमा मनोनित भएका छन् ।

संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गी बागमती प्रदेश विकास परिषद्को सदस्य मनोनित भएका छन् । संघका उपाध्यक्ष उज्वल चौलागाई नेकपा एमाले मकवानपुरको जिल्ला सदस्य निर्वाचित भएका छन् ।

संघका कार्यसमिति सदस्य नरेन्द्र भण्डारी हेटौंडा सिमेन्ट उद्योगको अध्यक्ष नियुक्त भएका छन् । उनीहरुलाई संघले टीका, खादा र सम्मानपत्र प्रदान गरी सम्मान गरिएको हो । कार्यक्रममा संघका पदाधिकारी, सदस्य तथा कर्मचारीको सहभागिता रहेको थियो । सम्मान ग्रहणपछि सबैले आआफ्नो धारणा राखेका थिए ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# राष्ट्रिय परिचयपत्र सास्तीपत्र नबनोस्

जिल्ला प्रशासन कार्यालय मकवानपुरले जिल्लाको १० वटै गाउँपालिकामा राष्ट्रिय परिचय विवरण दर्ताका लागि टोली खटाउने भएको छ । आज बुधवारदेखि प्रशासनले गाउँपालिका केन्द्रहरुमा राष्ट्रिय परिचयपत्र बनाउनका लागि कार्यतालिका नै बनाएर काम सुरु गर्दैछ । ज्येष्ठ नागरिक्लाई सामाजिक सुरक्षाभत्ताका लागि राष्ट्रिय परिचयपत्र आवश्यक पर्ने भएपछि यतिबेला प्रशासनमा जिल्लाभरका ज्येष्ठ नागरिकको भीड लागेको छ । अत्याधिक भीडका कारण ज्येष्ठ नागरिकलाई सास्ती भोग्नु परेपछि प्रशासनले गाउँगाउँमै अभियान लगेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले जानकारी दिए । सामाजिक सुरक्षा भत्ताको लागि सरकारले राष्ट्रिय परिचयपत्र अनिवार्य गरेपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा परिचयपत्र बनाउनेको भीड बढेको हो ।

भत्ताको लागि राष्ट्रिय परिचयपत्र अनिवार्य बनाएपछि परिचयपत्र बनाउन विशेषगरी ज्येष्ठ नागरिक र अपाङ्गता भएकाले सास्ती पाएका छन् । शारीरिकरुपमा अशक्त बनिसकेका ज्येष्ठ नागरिकले परिचयपत्र बनाउन दिनभर लाइन लाग्दासमेत पालो नपाउनाले हैरानी बेहोरेका छन् । दिनभर लाइन बस्दा पनि पालो नपाएर फर्कनुपरेको सेवाग्राहीको गुनासो छ । परिचयपत्र बनाउन जिल्ला प्रशासन कार्यालयमा वृद्धवृद्धा र अपाङ्गता भएकाहरु भीड लाग्न थालेपछि प्रशासन कार्यालयले सेवाग्राहीको सहजताका लागि पालिकाको केन्द्रमा परिचयपत्र बनाउने टोली नै खटाएको हो । सम्बन्धित पालिकाको समन्वयमा परिचयपत्र बनाउने टोली बुधबारदेखि खटिएको हो । पालिकाअनुसार टोली आउने मिति तोकिएको छ । एउटा पालिकामा टोली चार दिनसम्म बसेर राष्ट्रिय परिचयपत्र बनाउने काम हुने बताइएको छ । दोस्रो टोली बिहीबारदेखि बागमती गाउँपालिकाबाट खटिने छ । चार दिन एउटा गाउँपालिकामा टोली खटिएपछि त्यही टोली अर्को पालिकामा खटिने व्यवस्था मिलाएको जिल्ला प्रशासनले जनाएको छ । ९ वटा पालिकाको केन्द्रमा दुईवटा टोली बनाएर राष्ट्रिय परिचयपत्रको विवरण दर्ता गर्न लागिएको हो । हेटौंडा उपमहानगरपालिकाभित्र रहेको सामाजिक सुरक्षाभत्ता बुझ्नेहरुको राष्ट्रिय परिचयपत्र प्रशासन कार्यालयमै बन्ने भएको छ । नागरिकले राज्यबाट सेवासुविधा प्राप्त गर्न राष्ट्रिय परिचयपत्र (नेसनल आईडी) को प्रयोग अनिवार्य गर्दै जाने सरकारले रणनीति अघि सारेको छ । पर्याप्त तयारीबिना गरिएको यो निर्णयले नागरिक्लाई थप झन्झट भएको छ । राष्ट्रिय परिचयपत्रको एउटै कार्डमा उल्लिखित नम्बरका आधारमा नागरिकले पाउने सेवासुविधामात्र होइन, व्यक्तिको आर्थिक र व्यापारिक कारोबारको सबै विवरण क्यूआर कोडमा स्क्यान गरेर हेर्न सकिने सफ्टवेयरको परीक्षण भइरहेको छ ।

आगामी साउनदेखि सामाजिक सुरक्षाभत्ता र पेन्सनको नवीकरण बायोमेट्रिक भेरिफिकेसनमार्फत गर्ने प्रणाली लागू गर्ने निर्णय भइसकेको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागकाले जनाएको छ । यसको प्राविधिक परीक्षण भइसकेको छ । अब सामाजिक सुरक्षाभत्ता र पेन्सन लिने ७७ जिल्लाका नागरिकले बर्सेनि नवीकरण गर्न सम्बन्धित वडा वा पालिकामा नगई आफूलाई सुविधा पुग्ने स्थानबाट गर्न सक्ने व्यवस्था साउनदेखि नै लागू हुनेछ । यस्तो व्यवस्थाले सामाजिक सुरक्षाभत्ता र पेन्सन दोहोरो सुविधा लिन सक्ने सम्भावनालाई बन्देज लगाउनेछ । अहिले देशभर ३८ लाख ज्येष्ठ नागरिकले सामाजिक सुरक्षाभत्ता लिइरहेका छन् । पेन्सनबापत भने बर्सेनि करिब ७७ अर्ब खर्च हुने गरेको परिचयपत्र विभागले जनाएको छ । परिचयपत्र अनिवार्य गरेपछि एउटै व्यक्तिले दोहोरो सुविधा लिन खोजे प्रणालीले नै रोक्ने सफ्टवेयर निर्माण गरिएको छ । पेन्सन र सामाजिक सुरक्षाभत्ता लिने ज्येष्ठ नागरिकका लागि पनि परिचयपत्रले सजिलो बनाउने विभागको उद्देश्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ३२ गते शुक्रबार १४ जुन २०२४ । अष्ठमी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ६:५९ । विश्व रक्तदाता दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : बादविवाद बढ्ने | **तुला** | : चिन्ता बढ्ने |
| **वृष** | : घरेलु काममा रुचि | **वृश्चिक** | : मान मर्यादामा वृद्धि |
| **मिथुन** | : प्रयासहरु फलदायी हुने | **धनु** | : लेनदेनको विवाद बढ्ने |
| **कर्कट** | : कुरा काट्नेहरु सक्रियता | **मकर** | : स्वास्थ्यमा सुधार हुने |
| **सिंह** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **कुम्भ** | : अध्ययनमा प्रगति हुने |
| **कन्या** | : अरुको विश्वास जित्न सकिने | **मीन** | : रोग एवम् चिन्ता बढ्ने |

# कोलम्बियाको शान्ति प्रक्रियालाई नियाल्दा



✍ खिमलाल देवकोटा

गत वर्ष सुवास नेम्वाङ नेतृत्वको नेपाली प्रतिनिधिमण्डल कोलम्बियाको शान्ति प्रक्रियाको अध्ययन गरेर फर्किएको थियो । तत्कालीन अनुभवले नेपाली शान्ति प्रक्रियाको बाँकी काम सम्पन्न गर्न एक प्रकारको राष्ट्रिय सहमति बन्छ भन्ने विश्वास पैदा गराएको थियो । शान्ति प्रक्रियाका काम अझै बाँकी रहेको सन्दर्भमा यसको कार्यान्वयन तहमा रहेका अधिकारीहरूको एक टोली यस वर्ष पनि अध्ययनका लागि पठाउने सहमति बनेको थियो । कार्यान्वयन भने एक वर्षपछि मात्र भयो ।

यसपटक टोलीमा हामी केही राजनीतिक नेतृत्व र केही कर्मचारी सहित १० जना रह्यौं । तत्कालीन माओवादी सेनाका डेपुटी कमाण्डर जनार्दन शर्मा 'प्रभाकर'ले नेतृत्व गरेको टोली अध्ययन गरेर स्वदेश फर्किसकेको छ । कोलम्बियाको विशेष अदालतको विस्तृत अध्ययन गरी फर्केको सोही टोलीले के सिक्यो ? उक्त संक्षिप्त अनुभवको चर्चा यस आलेखमा गरिएको छ ।

**कोलम्बियाको गृहयुद्ध**

कोलम्बियामा २०औं शताब्दीको मध्यबाट द्वन्द्व सुरु भएको थियो । सन् १९४८ मा जनवादी नेता जर्ज एलिसेर गैटनको हत्यापछि सुरु भएको उक्त द्वन्द्वलाई 'ला वाइलेन्सिया' (द वाइलेन्स) भनिन्छ । रुढिवादी गुटहरू, सयौं, हजारौं मृत्युको परिणामस्वरूप लिबरल र कन्जर भेटिभ पार्टीहरू बीचको शक्ति साझेदारी सम्झौता मार्फत ला वाइलेन्सियाको संकल्पले धेरैलाई राजनीतिक प्रक्रियाबाट बहिष्कृत गऱ्यो । यसले सन् १९६४ मा फार्क जस्ता वामपन्थी छापामार आन्दोलनहरूको उदयको लागि मार्गप्रशस्त गऱ्यो । लामो र बहुआयामिक द्वन्द्व अन्त्य गरेको कोलम्बियाली शान्ति प्रक्रिया समकालीन इतिहासमा सबैभन्दा महत्वपूर्ण प्रयासहरूमध्ये एक मानिन्छ । पाँच दशकभन्दा बढी समयदेखि कोलम्बियाले वामपन्थी छापामार समूह, दक्षिणपन्थी अर्धसैनिक र विभिन्न लागूऔषध कार्टेलहरूसँग बहुपक्षीय द्वन्द्व रहेको आन्तरिक युद्धको सामना गऱ्यो । प्राथमिक छापामार समूह, कोलम्बियाको क्रान्तिकारी सशस्त्र बल (फार्क)ले सामाजिक असमानता, राजनीतिक बहिष्कार र भूमि वितरण सम्बन्धी ऐतिहासिक अन्यायहरू अन्त्यको माग गर्दै राज्य विरुद्ध अथक् विद्रोह चलायो ।

लामो प्रयासपछि कोलम्बिया सरकार र फार्कबीचको द्वन्द्व शान्ति सम्झौतामा परिणत भयो, जुन त्यहाँको शान्तिको खोजीमा कोसेढुंगा बन्यो । साथै, यसले विश्वमा संचालित विद्रोहहरूलाई शान्तिमा ल्याउन पनि उत्प्रेरित गऱ्यो । कोलम्बियाको शान्ति प्रक्रियाको केही विशेषता छन् । त्यो हो- शान्ति र युद्धमा शान्ति रोज्ने र शान्ति र न्यायमा एक रोज्नुपर्दा शान्ति रोज्ने । सुरुमा सीमान्तकृत ग्रामीण जनसंख्याका गुनासोहरूलाई सम्बोधन गर्न खोज्यो । जब कम्युनिस्ट क्रान्तिकारीहरूले आधारभूत जनताका समस्या संघर्षका माध्यमबाट समाधान खोज्ने प्रयत्न गऱ्यो यसलाई भाँड्नका लागि विभिन्न समूहहरू जन्मिए । नेशनल लिबरेसन आर्मी (ईएलएन), कोलम्बियाको युनाइटेड सेल्फ-डिफेन्स फोर्सेस (एयूसी) जस्ता अर्धसैनिक समूह र शक्तिशाली ड्रग्स कार्टेल लगायतका विभिन्न समूहमा द्वन्द्वको विकास भयो । एकातिर कम्युनिस्ट क्रान्तिकारीहरूको संघर्ष अर्कोतिर यिनै समूह र लागूऔषध कारोबारीहरूको स्वार्थ समेतका कारण हिंसाको विस्फोट भयो । यसले कोलम्बियाली जनतामाथि निकै ठूलो मार थोपऱ्यो । झण्डै पाँच लाखको ज्यान लिने काम भयो । दुई लाख जति बेपत्ता र कुल जनसंख्याको झण्डै २० प्रतिशत अर्थात् एक करोडको हाराहारीमा पीडितहरूको संख्या पुगेको छ ।

**शान्ति वार्ताको बाटो**

कोलम्बियामा शान्ति वार्ता गर्ने प्रयासहरूको लामो इतिहास छ, सफल सन् २०१६ सम्झौताको भविष्यवाणी गर्ने धेरै असफल प्रयासहरूको साथ पृष्ठभूमिमा छ । उल्लेखनीय रूपमा, १९८४ युराइब एकर्डस् र फार्कसँग सन् १९९९-२००२ कागुन शान्ति वार्ता अन्ततः आपसी अविश्वास र निरन्तर हिंसाको कारण असफल भयो । यद्यपि, यी प्रयासहरूले बहुमूल्य पाठहरू प्रदान गऱ्यो र भविष्यको वार्ताको लागि आधार तयार गऱ्यो । सबैभन्दा महत्वपूर्ण सफलता जुआन म्यानुअल सान्तोसको अध्यक्षतामा आयो, जसले पूर्व रक्षामन्त्रीको रूपमा आफ्नो पृष्ठभूमिको लाभ उठाउँदै सैन्य दबाब र संवादको लागि खुलापनको दोहोरो रणनीति अपनाए । सरकार र फार्कका प्रतिनिधिहरू बीच सन् २०१० मा गोप्य अन्वेषण वार्ताले औपचारिक वार्ताको लागि मार्गप्रशस्त गऱ्यो । जुन आधिकारिक रूपमा क्युबाको हवाना सर्नुअघि सन् २०१२ अक्टोबरमा नर्वेको ओस्लोमा सुरु भयो । यही वार्ताको सफलताका कारण सान्तोसले नोबेल शान्ति पुरस्कार पाउन सफल भए ।

**हवाना वार्ता**

हवाना वार्ताका बहुआयामिक पक्ष छन् । एक सुव्यवस्थित र व्यापक दृष्टिकोणद्वारा सञ्चालित यो वार्तामा ग्रामीण विकास, राजनीतिक सहभागिता, द्वन्द्वको अन्त्य, लागूऔषध ओसार पसार, पीडितको अधिकार र सम्झौताको कार्यान्वयन र प्रमाणीकरण लगायत आयाम समावेश थिए । यी ६ वटा मुख्य बुँदाहरूमा केन्द्रित वार्ता गोपनीयता र पारस्परिक सम्मानको ढाँचामा सञ्चालन भएको थियो, जसमा संयुक्त राष्ट्रसंघ र छिमेकी राष्ट्रहरूका साथै ग्यारेन्टरका रूपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सरोकारवालाहरू समावेश थिए । वार्ताको सबैभन्दा महत्वपूर्ण पक्षहरूमध्ये एक पीडितहरूको अधिकार र संक्रमणकालीन न्यायमा जोड थियो । शान्तिका लागि विशेष अधिकार क्षेत्र (जेईपी) को निर्माणले मेलमिलापलाई प्रवर्द्धन गर्दा सबै पक्षहरूले गरेका अत्याचारहरूको जवाफदेही सुनिश्चित गर्ने उद्देश्य राखेको छ । शान्ति सम्झौताले भूतपूर्व लडाकुहरूको सामाजिक-आर्थिक पुनर्मिलन, द्वन्द्वलाई उत्तेजित गर्ने गहिरो असमानताहरूलाई सम्बोधन गर्नका लागि पहलहरू र व्यापक ग्रामीण सुधारहरूका लागि उपायहरू पनि विशेष प्राथमिकतामा राखेको छ ।

**२०१६ को शान्ति सम्झौता**

कार्टाजेनामा २६ सेप्टेम्बर, २०१६ मा गरिएको शान्ति सम्झौतामा हस्ताक्षर एक ऐतिहासिक क्षण थियो जसलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा हर्षोल्लासका साथ मनाइयो । यद्यपिह २ अक्टोबर, २०१६ मा आयोजित जनमत संग्रहमा सम्झौताले झिनो मतले पराजय भोग्नु पऱ्यो । यो पराजयले कोलम्बियाली समाजभित्रको गहिरो विभाजनलाई झन् बढी उजागर गरिदियो । शान्ति चाहने र युद्धमा रमाउनेहरूको संख्या किटान गरिदियो । पूर्व राष्ट्रपति अल्भारो उरिबेको नेतृत्वमा आलोचकहरूले तर्क गरे कि यो सम्झौता फार्क लडाकुहरूका लागि धेरै उदार थियो, उनीहरूलाई दण्डहीनता र राजनीतिक विशेषाधिकारहरू प्रदान गरेको थियो । त्यसकारण यो सम्झौता जनमतद्वारा अस्वीकार भएको थियो भन्ने अर्थ एकाथरीले लगाए, जो निरन्तर युद्धको पक्षमा थिए ।

**संवैधानिक अदालतको शान्तिप्रिय भूमिका**

जनमत संग्रहका माध्यमबाट पूर्व राष्ट्रपति अल्भारोको अगुवाइमा शान्ति सम्झौतालाई असफल गराइयो तर कोलम्बियाई संवैधानिक अदालतले शान्तिको मार्ग थप प्रशस्त गरिदियो । संवैधानिक अदालतले भन्यो कि शान्ति जस्तो महत्वपूर्ण मामिला जनमतद्वारा अस्वीकार भएको हैन, यस्तो हुनै सक्दैन । अदालत अझ अगाडि बढेर राष्ट्रिय र अन्तर्राष्ट्रिय सहमतिमा भएको शान्ति सम्झौता कोलम्बियाई जनताले अस्वीकार गरेका हैनन् भन्यो ।

शान्ति सम्झौताको यो मामला जनमत संग्रहमा लैजान जरूरी थिएन । यो त संसद्को सामान्य बहुमतबाट पारित गरेको भए हुनेथियो । त्यसो गर्नमा चुकेको सरकार र शान्तिका पक्षधरहरूलाई संवैधानिक अदालतले शान्ति सम्झौताका केही मामलामा ध्यान दिन र संसद्बाट पारित गर्न सुझायो । यसै आधारमा यो मामला संसद्ले स्वीकार गरेसँगै अघि बढेको थियो । खासगरी जनमत संग्रहको नतिजाको प्रतिक्रियामा सरकार र फार्कले न्याय र पीडितहरूको अधिकार सम्बन्धी सरोकारहरूलाई सम्बोधन गर्दै सम्झौताका मुख्य पक्षहरूसँग पुन: वार्ता गरे । २४ नोभेम्बर, २०१६ मा हस्ताक्षर गरिएको संशोधित सम्झौता पछि कंग्रेसद्वारा अनुमोदित भयो । शान्ति सम्झौतामा मुख्यत: जवाफदेही संयन्त्र बलियो बनाउने र व्यापक राजनीतिक समर्थन सुनिश्चित गर्ने जस्ता व्यवस्थाहरू थप गरिएको थियो ।

**कार्यान्वयन र चुनौती**

शान्ति सम्झौताको कार्यान्वयन चरणमा धेरै चुनौती छन् । प्राथमिक मुद्दाहरूमध्ये एक पूर्व लडाकुहरूलाई पुन: एकीकरण गर्न र द्वन्द्व प्रभावित क्षेत्रहरूमा प्रतिज्ञा गरिएको सामाजिक-आर्थिक लाभहरू प्रदान गर्ने ढिलो र असमान प्रगति हो । संयुक्त राष्ट्रसंघद्वारा पर्यवेक्षण गरिएको निरस्त्रीकरण प्रक्रिया २०१७ मा सफलतापूर्वक सम्पन्न भयो । हजारौं फार्क लडाकुहरूको सेना समायोजन र पुनर्स्थापना सहितका राजनैतिक क्षेत्रमा आरक्षणले यो प्रक्रियालाई सहज बनायो । फार्कका लागि लगातारका तीन निर्वाचन अवधिसम्मका लागि दश सिट संसद्मा सुरक्षित गरियो जसले शान्ति सम्झौतालाई सफल बनाउन भूमिका खेल्यो ।

फार्क समूहको शान्तिमा प्रवेशका बावजुद पनि कोलम्बियाको शान्ति र सुरक्षा एउटा महत्वपूर्ण चिन्ताको विषय भने निरन्तर नै रहेको छ । किनकि विभिन्न सशस्त्र समूह र आपराधिक संगठनहरू फार्क लडाकुहरूले केही क्षेत्रहरूमा छोडेको शक्ति शून्यतालाई उपयोग गर्ने कोसिस गरेका छन् । सामाजिक नेता, मानवअधिकार रक्षक, र पूर्व फार्क सदस्यहरूको हत्याले यी क्षेत्रहरूमा शान्तिको कमजोरीलाई उजागर गरेको छ । राज्यको उपस्थिति विस्तार गर्न र पूर्वद्वन्द्व क्षेत्रहरूमा सुरक्षा प्रदान गर्ने सरकारको क्षमता विस्तार अपेक्षा गरिएको पाइन्छ ।

यसबाहेक, राजनीतिक ्वीकरणले खासगरी शान्ति नचाहने युद्धमा रमाउने समूहहरूका कारण शान्ति प्रक्रियालाई असर गरि रहेको देख्न सकिन्छ ।

**सामाजिक र सांस्कृतिक आयाम**

शान्ति प्रक्रियाको राजनीतिक र सुरक्षा आयाम बाहेक पनि सामाजिक र सांस्कृतिक प्रभावहरू बढी हुन्छन् । शान्ति र मेलमिलापको संस्कृतिलाई बढावा दिने प्रयासहरूमा शैक्षिक कार्यक्रम, स्मरणात्मक कार्यक्रम र ऐतिहासिक स्मृति संरक्षण गर्ने पहलहरू समावेश छन् । समावेशी र सहभागितामूलक शान्ति निर्माण प्रक्रियाको वकालत गर्न महिला संगठन, आदिवासी जनजाति समूह र पीडित संघहरू लगायत नागरिक समाजको संलग्नता महत्वपूर्ण भएको छ । मेमोरी सेन्टरको स्थापना, सत्य आयोगका प्रतिवेदनका बारेमा शिक्षा दिने काम, शान्ति सम्झौताका मुख्य विषयहरूको प्रचार जस्ता कामबाट कोलम्बियाको शान्ति प्रक्रियाका चुनौतीलाई सामना गर्ने प्रयास भइरहेको छ ।

सन् २०१६ मा शान्ति सम्झौतामा हस्ताक्षर गर्नुअघि नै सन् २०११ मा परिपूरण र भूमि सुधार सम्बन्धी कानुन पारित गरिसकेका छन् । द्वन्द्वकालमा भएका घटनाहरूमा माफी दिनका लागि योभन्दा अघि नै एम १९ को विद्रोहका परिणामस्वरूप संविधानमा नै व्यवस्था गरिएको थियो । कोलम्बियामा शान्ति कायम गर्नका लागि राजनीतिक उद्देश्यले भएका कुनै पनि घटना माफी दिने गरी संविधानमा नै व्यवस्था गरिएको छ । यसका अतिरिक्त शान्ति सम्झौताले सामाजिक न्याय, असमानता र ऐतिहासिक गुनासोका विषयमा पनि व्यापक छलफल गर्न प्रेरित गरेको छ । सम्झौताको मुख्य अंगको रूपमा भूमि सुधार, भूमि स्वामित्व र ग्रामीण विकासमा लामो समयदेखि रहेको असमानताहरूलाई सम्बोधन गर्न खोजिएको छ । यद्यपि, यसमा प्रगति भने सुस्त छ, नोकरशाहीको जडता, शक्तिशाली जग्गाधनीहरूको प्रतिरोध र जटिल कानुनी अवस्थाले अवरोध गरेको छ ।

**अन्तर्राष्ट्रिय संलग्नता र समर्थन**

फार्क लडाकुहरूले शान्ति सम्झौता गर्ने हो भने पुराना कानुन, अदालत र न्यायाधीश नमान्ने र नयाँ सिर्जना गर्नुपर्छ भने । यसमा अन्तर्राष्ट्रिय मापदण्डको प्रश्न कहिल्यै उठेको छैन । यो विषयमा नेपालमा भने धेरैको जिब्रोमा झुण्डिएको पाइन्छ । कोलम्बियाको शान्ति प्रक्रियालाई समर्थन गर्न अन्तर्राष्ट्रिय समुदायले विना कुनै अन्तर्राष्ट्रिय मापदण्ड उदाहरणीय भूमिका खेलेको छ ।

कोलम्बियामा संयुक्त राष्ट्रसंघ प्रमाणीकरण मिसनले पूर्व लडाकुहरूको निरस्त्रीकरण, डिमोबिलाइजेशन र पुन: एकीकरणको अनुगमनमा महत्वपूर्ण भूमिका खेलेको छ । साथै, शान्ति सम्झौता कार्यान्वयनमा सहजीकरण गर्न विभिन्न देश तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले आर्थिक सहयोग, प्राविधिक विशेषज्ञता र कूटनीतिक सहयोग प्रदान गरेका छन् । क्षेत्रीय शक्तिहरू, विशेषगरी क्युबा र नर्वेले वार्ताको ग्यारेन्टरको रूपमा भूमिका खेले, जबकि भेनेजुएला र चिली जस्ता छिमेकी देशहरूले प्रक्रियाको वैधता र विश्वसनीयता बलियो बनाउन सघाए । शान्ति प्रक्रियाको गतिलाई दिगो बनाउन र उदीयमान चुनौतीलाई सम्बोधन गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको समझदारी, एउटै बुझाइ र निरन्तर संलग्नता आवश्यक छ भन्ने कुरा कोलम्बियाको शान्ति प्रक्रियाबाट सिक्न सकिने महत्वपूर्ण पाठ हो ।

**निष्कर्ष**

कोलम्बियाली शान्ति प्रक्रियाले आधुनिक इतिहासको सबैभन्दा लामो समयदेखि चलिरहेको द्वन्द्वलाई समाधान गर्ने एउटा ऐतिहासिक प्रयासलाई प्रतिनिधित्व गर्दछ । कम्युनिस्ट क्रान्तिकारी समूह फार्कसँगको सन् २०१६ को शान्ति सम्झौताले महत्वपूर्ण प्रगति ल्याएको भए पनि युद्धमा र माउने समूहहरू, युद्धको वहानामा लागूऔषध कारोबार गर्न पल्केका तस्करहरू र युद्धमा फाइदा देख्ने राजनीतिक समूहहरूका कारणले दिगो शान्तितर्फको यात्रामा चुनौती खडा गरेका छन् ।

तथापि युद्ध र शान्तिमा शान्ति रोज्ने, शान्ति र न्यायमा पनि शान्ति रोज्ने कोलम्बियाको संस्कारले संसारका लागि शान्तिको पाठ सिकाउने प्रयत्न गरेको छ । सम्झौताको सफल कार्यान्वयनका लागि कोलम्बियाली सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबाट निरन्तर प्रतिबद्धता जनाएका छन् । त्यही स्तरको प्रतिबद्धता नेपाल लगायत अरू शान्ति प्रक्रिया अवलम्बन गरेका मुलुकहरूले पनि सिक्न आवश्यक छ । यो भ्रमणको क्रममा हामीले सिकेको महत्वपूर्ण पाठ यही हो ।

द्वन्द्वका मूल कारणहरूलाई सम्बोधन गर्ने, सुरक्षा र न्याय सुनिश्चित गर्ने र मेलमिलापको प्रवर्धन यस निरन्तर यात्राका लागि अनिवार्य र आवश्यक कदमहरू हुन् । कोलम्बियामा शान्ति प्रक्रिया सशस्त्र द्वन्द्वको अन्त्य मात्र होइन, अझ न्यायपूर्ण, समावेशी र शान्तिपूर्ण समाज निर्माण गर्ने परिवर्तनकारी प्रयास हो । कोलम्बियाको अनुभवबाट सिकेका पाठहरूले द्वन्द्वको सामना गरिरहेका नेपाल लगायत अन्य राष्ट्रहरूका लागि बहुमूल्य पाठ हुन सक्दछन् । संवाद, सम्झौता र शान्तिको अटुट प्रयासको महत्व प्रदर्शन गर्दछ । उनीहरूले अवलम्बन गरेको दण्डात्मक न्याय (पुनिटिभ जस्टिस) हैन, आजको आवश्यकता त पुनर्स्थापकीय न्याय (रेस्टोरेटिभ जस्टिस) हो भन्ने कुरालाई पुनर्स्थापित गरिदिएको छ ।

*(साभार: अनलाइनखबर)*

# सुशासनमा सकारात्मक पहल तर आशा परिणामको

✍ सागर पण्डित

पछिल्लो समय राजस्व छली गर्नेहरुविरुद्ध कारबाही गर्ने क्रम बढेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गोदावरीमा प्राकृतिक स्रोत दोहन गरी मुलुकको राजस्व छली गरेको र २ अर्ब भ्रष्टाचार गरेको आरोपमा जनप्रतिनिधिसहित ९ जनालाई भ्रष्टाचार मुद्दा दायर गऱ्यो । यसै गरी सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि भ्रष्टाचार तथा विभिन्न आपराधिक कर्म गरेर अकूत सम्पत्ति आर्जन गरेकाहरुको सम्पत्ति छानबिन गर्न १६ सय बढी फाइलहरु खोल्ने र अनुसन्धान गर्ने निर्णय गऱ्यो । यो निकै सकारात्मक पहल हो ।

सुस्त अवस्थामा रहेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको अनुसन्धानलाई सशक्त बनाउने र मुद्दा दायर गर्ने क्रम बढाउने उद्देश्य विभागले लिएको छ । यसै गरी राजस्व अनुसन्धान विभागले पनि राजस्व छली गर्नेहरुमाथि विशेष अनुगमन गरी कारबाही प्रक्रियालाई तीव्रता दिइने बताएको छ । सरकारले हालै ल्याएको बजेट भाषण एवं नीति तथा कार्यक्रममा समेत भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई अख्तियार गर्ने लक्ष्य राखेको छ । यी सबै पक्षलाई विश्लेषण गर्दा मुलुकमा सुशासन स्थापित गर्ने सवालमा सकारात्मक प्रयास भएको देखिन्छ । तर हामीकहाँ सबैभन्दा ठूलो समस्या नै सरकार र सरकारी निकायले लिएका लक्ष्य र योजनाहरुको कार्यान्वयन पक्ष निकै फितलो हुने गरेको छ ।

कार्यान्वयन गर्न नसक्ने नेतृत्व लगायतका कर्मचारीहरुलाई कहिल्यै कुनै प्रकारको कारबाही नै हुँदैन । सरकारको नीति, योजना र कार्यक्रमको किन कार्यान्वयन भएको छैन ? जिम्मेवारीमा रहेकाहरुले त्यसको जिम्मेवारी लिन सक्नुपर्छ । अख्तियारले राजस्व छलीलगायतका अन्य भ्रष्टाचार गर्नेहरुमाथिको छानबिनलाई तीव्रता दिँदै आएको छ । अख्तियारको कारबाहीले कतिपय भ्रष्टहरुको सातो पनि गएको छ तर अख्तियारलाई पनि कहिलेकाहीँ ठूला-ठूला माछालाई केही गर्न नसकेको र साना माछाहरु मात्रै समात्ने गरेको भन्ने आरोपसमेत लाग्दै आइरहेको छ । यद्यपि अख्तियारले पछिल्लो समयमा दायर गरेको मुद्दा विश्लेषण गर्दा ठूला-ठूला भीआईपीहरुविरुद्ध पनि मुद्दा दायर गरेको देखिन्छ । अख्तियारलाई हामी सबैले हतोत्साहीभन्दा पनि उत्साहित गराउनुपर्ने आवश्यकता देखिन्छ । अख्तियारलाई सबै पक्षबाट सहयोग र साथ हुने हो भने अख्तियारले भ्रष्टाचारीहरु विरुद्ध आक्रामक कारबाही थाल्न सक्ने सहजै विश्वास गर्न सकिन्छ । अख्तियारले पनि भ्रष्टाचार गरेको र अकूत सम्पत्ति आर्जन गरेको भेटिए जस्तासुकै ठूला र भीआईपी भनाउँदाहरुलाई पनि छोड्नुहुँदैन । अख्तियार कुनै पनि राजनीतिक दबाबमा पर्नुहुँदैन ।

मुलुकमा सुशासन कायम गर्ने तथा विधिको शासन स्थापित गर्ने मुख्य दायित्व भने सरकारकै हो । सरकारी निकायले थोरै मात्रै सुधार गरिदिने र सुशासन कायम गरिदिने हो भने पनि जनतामा खुशी र उमंग छाउँछ । धेरै गर्नै पर्दैन । जनता मलाई पानी चाहियो, मलाई खाना चाहियो, मेरा बालबालिकालाई पढाइदिनू, उपचार गराइदिनू भन्ने माग राखेर सरकारी निकायमा जाने गर्दैनन् । जनताले त सुशासन चाहियो, सरकारी सेवा प्रभावकारीरुपमा दिनुपऱ्यो भन्ने चाहना नै राख्ने गरेका छन् । यो सरकारकै दायित्व पनि हो ।

सरकारले बर्सेनि नीति तथा कार्यक्रम र बजेट ल्याउँछ । ती कार्यक्रममा निकै राम्रा योजनाहरु समेटिएका हुन्छन् । शुरु-शुरुमा योजनाहरु कार्यान्वयन गरेको जस्तो पनि गर्छ तर त्यसलाई परिणाम दिने गरी गन्तव्यमा पुऱ्याउन भने धेरै सरकारी निकायहरु असफल हुने गरेको तीतो यथार्थ छ । अहिले पनि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विभिन्न भ्रष्टाचार तथा तस्करी गरी रकम कमाएर त्यसलाई शुद्धीकरण गर्ने धेरै व्यक्तिहरुमाथि एकै पटक छानबिन थालेको छ । विभागको सो छानबिन बीचैमा रोकिने हो कि भन्ने चिन्ता धेरैमा रहेको छ । विगतमा पनि विभागले धेरै फाइलको छानबिन गर्ने तर त्यसलाई टुंगोमा नपुऱ्याई त्यसै थन्क्याइदिने प्रवृत्तिले गर्दा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागप्रति कतिपय व्यक्तिको धारणा नै नकारात्मक बन्ने गरेको थियो । अहिले भने सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले एपीजीको 'ग्रे लिस्ट'बाट नेपाललाई मुक्त गराउने गरी काम गरेको देखिन्छ । विभागले धेरैभन्दा धेरै मुद्दा लैजाने गरी कार्ययोजनासमेत बनाइसकेको छ । सो कार्ययोजना अनुसार छानबिन थालिएको दुई महिनाभित्रै अनुसन्धान प्रक्रियालाई टुंगोमा पुऱ्याउनुपर्नेछ । विभागको यस प्रकारको कार्ययोजनाबाट अब पक्कै पनि सम्पत्ति शुद्धीकरणका धेरै फाइल अदालतमा दर्ता हुने सम्भावना बढेको देखिन्छ ।

सम्पत्ति शुद्धीकरण ठूलो राष्ट्रिय अपराध हो । भ्रष्टाचार, करछली, दण्डहीनता र अस्थिरता भएका देशहरु वित्तीय अपराधका स्वर्णिम क्रीडास्थल बन्न पुग्छन् । सम्पत्ति शुद्धीकरणले मूलत: वित्तीय प्रणाली र पारदर्शितालाई ध्वस्त पार्छ । आर्थिक तथा राजनीतिक स्थायित्व समाप्त पार्छ । यसले मुलुकलाई अस्थिर बनाउनुका साथै अस्तव्यस्तता ल्याउँछ । लगानी विकर्षण गर्छ । व्यापार घाटा बढाउँछ र पूँजी पलायन गराउँछ ।

*क्रमश: पृष्ठ-३...*

# कांग्रेसमा किन उठ्दैछ विधान संशोधनको माग ?



काठमाडौं/कांग्रेस नेताहरूले पार्टी विधान पुन: संशोधन गनुपर्ने माग उठाएका छन् । पार्टी विधानलाई समयानुकूल परिमार्जित गर्नुपर्ने विषय पार्टीमा उठेपछि विधान संशोधन मस्यौदा समिति बनाउने तयारीमा कांग्रेस लागेको हो । पछिल्लो पटक २८ मंसिर २०७८ मा दशौंपटक संशोधन गरेर विधान सार्वजनिक गरिएको थियो ।

संशोधित विधान लागू भएको तीन वर्ष नपुग्दै नेताहरुले परिमार्जनको खाँचो औंल्याएका छन् । सदस्यता वितरण, पार्टी संरचना, उम्मेदवार चयन, आन्तरिक निर्वाचन प्रणालीमा सुधारको आवश्यकता देखाउँदै पार्टी नेताहरुले संशोधन गर्नुपर्ने आवाज उठाएका हुन् । पार्टी पङ्तिलाई कार्यकर्तामुखी बनाउन र गुटको अन्त्य गर्न विधानमा संशोधनको आवश्यकता रहेको महामन्त्री गगन थापा बताउँछन् । थापाका अनुसार असार १५ पछि विधान संशोधन मस्यौदा समिति गठन गरिनेछ ।

विधान संशोधनका लागि एउटा समिति बनाउने र त्यसले आफ्नो काम गर्दै जाने बुझाई नेतृत्व तहको छलफलमा भएको महामन्त्री थापाले बताए । आफ्नो जोड विधान संशोधन मस्यौदा समिति जति सक्दो छिटो बनाउनमा हुने उनले जानकारी दिए ।

समिति बनिसके पछि पार्टीका तहहरुमा छलफल, अन्तक्रिया, बहसबाट राय सुझाव संकलन गरिनेछ । पार्टीको विधान संशोधनको अधिकार भने महासमिति बैठक वा महाधिवेशनलाई हुनेछ । कांग्रेसले नियमित समयमा महाधिवेशन गर्दा अर्को साल गर्नुपर्दछ भने महासमिति बैठक विधानत यो वर्ष पनि बस्नुपर्दछ ।

सदस्य र क्रियाशील सदस्य गरी कांग्रेसमा दुई थरी सदस्यता वितरण गरिने प्रणाली छ । सदस्यता प्राप्त गरेको एकवर्ष पुरा नगरी क्रियाशील सदस्यता प्राप्त गर्न नसकिने विधानको व्यवस्था छ । विधानको व्यवस्था व्यवहारमा लागु हुन सकेको छैन । एकैपटक क्रियाशील सदस्यता प्राप्त गर्न सकिने प्रचलन पार्टीभित्र पद्धति बनेकाले प्रारम्भिक सदस्यताको महत्व पार्टीको आन्तरिक जीवनमा देखिँदैन । सदस्यता प्रदानको प्रकृति एकै प्रकारको हुनुपर्ने माग उठिरहेको छ ।

केन्द्रीय सदस्य प्रदीप पौडेल दुई प्रकृतिको सदस्यता विभेदपूर्ण रहेको टिप्पणी गर्छन् । 'पार्टीलाई जनतासँग जोड्ने हो भने सदस्यता एकै प्रकारको हुनुपर्दछ । पार्टीले सदस्यता प्रदान गर्न चाहे मात्रै लिन पाउने व्यवस्था अन्त्य गरेर लिन चाहने सबैलाई दिनुपर्छ,' नेता पौडेल भन्छन्, 'नियन्त्रित सदस्यता होइन कि स्वेच्छाले आम नागरिक पार्टी सदस्य बन्न पाउनुपर्दछ ।'

क्रियाशील सदस्यता वितरण पार्टी विधान अनुसार कार्यान्वयन भएको छैन । क्रियाशील सदस्यता वितरण र नवीकरण महाधिवेशन नजिक हुँदा सधैंका महाधिवेशनमा किचलो उत्पन्न हुने गरेको छ । विधानको दफा ५० को उपदाफा (६) मा 'नयाँ महाधिवेशन गर्ने प्रक्रिया सुरू हुँदा छ महिना अगावै क्रियाशील सदस्यता नवीकरण भएको सदस्यले मात्र मतदान गर्ने वा उम्मेदवार हुन पाउनेछ । अधिवेशन हुनु भन्दा छ महिना अघि सदस्यता वितरण र सदस्यता नवीकरण बन्द गरिने' उल्लेख छ ।

प्रत्येक वर्ष क्रियाशील सदस्यता नवीकरण गर्नुपर्ने र महाधिवेशनको छ महिना अघि नबीकरण र वितरण रोक्नुपर्ने व्यवस्था कार्यान्वयन हुन सकेको छैन । सदस्यता प्रदान र नवीकरण नियमित नभएर महाधिवेशन हुने वर्ष मात्रै हुँदै आएको छ ।

सदस्यता यही विधिबाट वितरण गर्ने कि नयाँ प्रणाली अपनाउने बारेमा पार्टीभित्र बहस गर्नुपर्ने अवस्था रहेको महामन्त्री गगन थापा बताउँछन् । 'अधिवेशनको ठिक अगाडि क्रियाशील सदस्यता बाँड्ने कार्य हुँदै आएको छ । क्रियाशील सदस्यता वितरणमा केही मानिसको नियन्त्रण हुने गरेको छ,' महामन्त्री थापा भन्छन्, 'त्यो क्रियाशीलको आधारमा संगठनभित्र कब्जा गर्ने यो परम्परालाई तोड्ने कि नतोड्ने छलफल गरौं ।'

विधान संशोधनको आवश्यकता औंल्याएको अर्को विषय हो- टिकट वितरण प्रणाली । सम्बन्धित पार्टी संरचनाको टिकट वितरणको अधिकार सोही संरचनालाई दिनुपर्ने गरी विधान संशोधन हुनुपर्ने तर्क अघि सारिएको छ ।

विद्यमान व्यवस्था अनुसार पार्टीका चार तहले आफ्ना उम्मेदवारका टिकट वितरण गर्छन् । वडा सदस्य र अध्यक्षको उम्मेदवार छान्ने अधिकार अधिकार प्रतिनिधि सभा क्षेत्र संसदीय समितिलाई छ । गाउँपालिका अध्यक्ष र उपाध्यक्षको उम्मदेवार चयन गर्ने निकाय जिल्ला संसदीय समिति हो । नगरपालिका र उपमहानगरपालिका प्रमुख-उपप्रमुखका उम्मेदवारको टिकट वितरण प्रदेश कार्यसमितिले गर्दछ । वडाध्यक्ष र पालिका प्रमुखको टिकट वितरण गर्ने अधिकार समेत फरक फरक संरचनालाई छ ।

'पालिका प्रमुख र वडाध्यक्षको टिकट वितरण गर्दा आन्तरिक पार्टी संरचनामा समन्वयको अभाव छ,' महामन्त्री थापा भन्छन् । महानगर प्रमुख, उपप्रमुख, प्रदेश र संघीय सांसदको उम्मेदवारी केन्द्रीय संसदीय समितिबाट चयन हुने व्यवस्था छ । यो विधि पार्टीभित्र आशिंक रुपमा लागु हुँदै आएको छ । टिकट वितरणमा तल्लो तहको अधिकार समेत केन्द्रले खोस्ने गरेको छ । पालिका अध्यक्षको उम्मेदवारमा समेत केन्द्रको चासो हुँदै आएको छ ।

केन्द्रको हस्तक्षेप हटाउन र पार्टीपङ्ति कार्यकर्तामुखी बनाउनका विधान संशोधनको अपरिहार्यता रहेको महामन्त्री थापा बताउँछन् । वडाभरीका कार्यकर्ता भेला भएर उक्त संरचनाको पार्टी नेतृत्व चयन गर्न पाउने तर वडाध्यक्षको उम्मेदवार चुन्न नपाउने थिति परिवर्तन गर्नुपर्ने उनले बताए ।

'यही परिपाटी कायम राख्ने कि ? आफ्नो उम्मेदवार आफैं छान्न पाउनुपर्ने ? यसका लागि संशोधन गर्ने कि के गर्ने छलफल गरौं,' थापाले भने । स्थानीय, प्रदेश र संघका उम्मेदवारको टुंगो लगाउन माथिल्लो तहमा नाम सिफारिस गर्दा तीन जनाको मात्रै पठाउनुपर्ने विधानको व्यवस्था छ । सबै संरचनाले माथिल्लो तहमा नाम सिफारिस गर्दा आकांक्षी सबै उम्मेदवारको नाम पठाउने पद्धति कांग्रेसमा बसेको छ । उम्मेदवारका आकांक्षीको ठूलो संख्या हुँदा चयन प्रक्रियामा बिलम्ब हुनुको साथै पार्टीभित्र विवाद समेत देखिँदै आएको छ ।

तल्लो तहले आफ्नो उम्मेदवार आफैं छान्ने अधिकार पाएपछि उम्मेदवारका आकांक्षी केन्द्रमा धाउने कार्य रोकिने महामन्त्री थापा दाबी गर्छन् । केन्द्रमा नेताकहाँ धाएर टिकट प्राप्त गर्ने बाटो बन्द भएसँगै उम्मेदवारका आकांक्षी कार्यकर्तातिर फर्किने पद्धतिको विकास हुने थापा बताउँछन् । टिकट वितरणमा हुने असन्तुष्टि साम्य हुँदा पार्टीमा मौलाइरहेको गुटबन्दी स्वत: रोकिने उनी दाबी गर्छन् ।

असन्तुष्ट पनि टिकट पाएका व्यक्तिलाई जिताउन लाग्छन् भन्ने बुझाई नेतृत्वमा रहेको नेता पौडेल बताउँछन् । 'कार्यकर्ताले केन्द्रको पेलाई स्वीकारेका छैनन् । विधानमा संशोधन गरेर उम्मेदवार चयनको व्यवस्था परिवर्तन गर्न सकिन्छ,' पौडेल भन्छन्, 'तीन जनाको नाम तल्लो तहबाट सिफारिस गर्दा प्राइमरी चुनाव गरेर नाम पठाउन सकिन्छ ।'

आन्तरिक निर्वाचन प्रणालीका कारणले पनि पार्टीभित्र गुटबन्दी बढेको नेताहरुको बुझाई छ । टोलदेखि केन्द्रसम्म कांग्रेसका आठ तहको पार्टी संरचना छ । महाधिवेशनमा वडादेखि केन्द्रसम्म सात तहमा निर्वाचन हुन्छ । केन्द्रदेखि तलसम्म प्यानल निर्माण गरेर बहुसंख्यक पदमा निर्वाचन हुँदा पार्टीभित्र वैमनस्यता बढेको नेताहरुको बुझाई छ । औपचारिक रुपमा प्यानल बनाउने पद्धतिले स्थायी गुट बन्ने र त्यसले पार्टीलाई क्षति पुगेको नेताहरुको बुझाई छ ।

सबै तहमा केन्द्रको गुट अनुसार प्यानल निर्माण हुँदा आधार तहसम्म पार्टीभित्र विवाद र असन्तुष्टि देखिएको महामन्त्री थापा बताउँछन् । विधानको व्यवस्थामा संशोधन गरिए गुट र विवाद अन्त्य गर्न सकिने उनको तर्क छ । हरेक संरचनामा सभापतिको मात्रै निर्वाचन गर्न सकिने उनले सुनाए ।

बहुसंख्यक पदमा निर्वाचन गर्दा विवाद झनै झाँगिएको थापाको बुझाई छ । विवादले गर्दा संगठन कमजोर हुनुको साथै राष्ट्रिय चुनावमा एकले अर्कालाई हराउने प्रवृत्ति कांग्रेसमा विकास भएको छ ।

'यतिधेरै पदको चुनाव गराउने कि नगराउने ? सबै तहको सभापतिको मात्रै चुनाव गराएर बाँकी सबैलाई मिलाएर लैजाउ भनेर चलाउन दिने हो कि? यति धेरै प्रतिस्पर्धा, यति धेरै प्रतिशोध । एउटा साथीले अर्को साथीलाई छिर्के हानेको छ,' महामन्त्री थापा भन्छन्,'यो परिपाटीलाई बदल्नुपर्छ भन्नेमा पार्टीमा एकमत छ । कसरी भन्नेमा धारणाहरु भने फरक फरक छन् ।'

केन्द्रीय सदस्य श्याम घिमिरे कांग्रेसका तहगत संरचना नै बढी भएको बताउँछन् । तहगत संरचना भद्दा भएकाले कम गर्नुपर्ने तर्क उनी राख्छन् । 'तहगत पार्टी संरचना घटाउनै पर्दछ । हाम्रा हरेक कमिटीमा संख्या भद्दा भयो,' घिमिरे भन्छन्,'पार्टीको यही संरचना राखेर २०८४ को निर्वाचनमा गयौं भने कांग्रेसले खराब परिणाम पाउँछ ।'

सबै संरचनाले माथिल्लो तहमा नाम सिफारिस गर्दा आकांक्षी सबै उम्मेदवारको नाम पठाउने पद्धति कांग्रेसमा बसेको छ । उम्मेदवारका आकांक्षीको ठूलो संख्या हुँदा चयन प्रक्रियामा बिलम्ब हुनुको साथै पार्टीभित्र विवाद समेत देखिँदै आएको छ ।

तल्लो तहले आफ्नो उम्मेदवार आफैं छान्ने अधिकार पाएपछि उम्मेदवारका आकांक्षी केन्द्रमा धाउने कार्य रोकिने महामन्त्री थापा दाबी गर्छन् । केन्द्रमा नेताकहाँ धाएर टिकट प्राप्त गर्ने बाटो बन्द भएसँगै उम्मेदवारका आकांक्षी कार्यकर्तातिर फर्किने पद्धतिको विकास हुने थापा बताउँछन् । टिकट वितरणमा हुने असन्तुष्टि साम्य हुँदा पार्टीमा मौलाइरहेको गुटबन्दी स्वत: रोकिने उनी दाबी गर्छन् ।

असन्तुष्ट पनि टिकट पाएका व्यक्तिलाई जिताउन लाग्छन् भन्ने बुझाई नेतृत्वमा रहेको नेता पौडेल बताउँछन् । 'कार्यकर्ताले केन्द्रको पेलाई स्वीकारेका छैनन् । विधानमा संशोधन गरेर उम्मेदवार चयनको व्यवस्था परिवर्तन गर्न सकिन्छ,' पौडेल भन्छन्, 'तीन जनाको नाम तल्लो तहबाट सिफारिस गर्दा प्राइमरी चुनाव गरेर नाम पठाउन सकिन्छ ।'

आन्तरिक निर्वाचन प्रणालीका कारणले पनि पार्टीभित्र गुटबन्दी बढेको नेताहरुको बुझाई छ । टोलदेखि केन्द्रसम्म कांग्रेसका आठ तहको पार्टी संरचना छ । महाधिवेशनमा वडादेखि केन्द्रसम्म सात तहमा निर्वाचन हुन्छ । केन्द्रदेखि तलसम्म प्यानल निर्माण गरेर बहुसंख्यक पदमा निर्वाचन हुँदा पार्टीभित्र वैमनस्यता बढेको नेताहरुको बुझाई छ । औपचारिक रुपमा प्यानल बनाउने पद्धतिले स्थायी गुट बन्ने र त्यसले पार्टीलाई क्षति पुगेको नेताहरुको बुझाई छ ।

सबै तहमा केन्द्रको गुट अनुसार प्यानल निर्माण हुँदा आधार तहसम्म पार्टीभित्र विवाद र असन्तुष्टि देखिएको महामन्त्री थापा बताउँछन् । विधानको व्यवस्थामा संशोधन गरिए गुट र विवाद अन्त्य गर्न सकिने उनको तर्क छ । हरेक संरचनामा सभापतिको मात्रै निर्वाचन गर्न सकिने उनले सुनाए । बहुसंख्यक पदमा निर्वाचन गर्दा विवाद झनै झाँगिएको थापाको बुझाई छ । विवादले गर्दा संगठन कमजोर हुनुको साथै राष्ट्रिय चुनावमा एकले अर्कालाई हराउने प्रवृत्ति कांग्रेसमा विकास भएको छ ।

'यतिधेरै पदको चुनाव गराउने कि नगराउने? सबै तहको सभापतिको मात्रै चुनाव गराएर बाँकी सबैलाई मिलाएर लैजाउ भनेर चलाउन दिने हो कि? यति धेरै प्रतिस्पर्धा, यति धेरै प्रतिशोध । एउटा साथीले अर्को साथीलाई छिर्के हानेको छ,' महामन्त्री थापा भन्छन्,'यो परिपाटीलाई बदल्नुपर्छ भन्नेमा पार्टीमा एकमत छ । कसरी भन्नेमा धारणाहरु भने फरक फरक छन् ।'

केन्द्रीय सदस्य श्याम घिमिरे कांग्रेसका तहगत संरचना नै बढी भएको बताउँछन् । तहगत संरचना भद्दा भएकाले कम गर्नुपर्ने तर्क उनी राख्छन् । 'तहगत पार्टी संरचना घटाउनै पर्दछ । हाम्रा हरेक कमिटीमा संख्या भद्दा भयो,' घिमिरे भन्छन्,'पार्टीको यही संरचना राखेर २०८४ को निर्वाचनमा गयौं भने कांग्रेसले खराब परिणाम पाउँछ ।'

*(स्रोत: अनलाइनखबर)*

# यस्तो देखियो 'भ्वाइस किड्स' सिजन ३ को प्रिमियर



काठमाडौं/गायन रियालिटी शो 'भ्वाइस किड्स' सिजन ३ को प्रिमियर गरिएको छ । बुधबार वान सिनेमाज हलमा आयोजित प्रिमियर समारोहमा प्रसारण च्यानल हिमालय टिभी र प्रायोजकबीच लिखित सम्झौता पनि भयो ।

सिजन ३ को मुख्य प्रयोजक वात्सालय नेचुरल आइभीएफका प्रबन्ध निर्देशक प्रशान्त सुवेदी र हिमालय टिभीका अध्यक्ष धर्मराज भुषालले सम्झौता पत्रमा हस्ताक्षर गरे । उक्त अवसरमा अन्य प्रायोजकसँग पनि हिमालय टिभीले लिखित सम्झौता गरेको छ । कार्यक्रममा निर्देशक लक्ष्मण पौडेल, शोका जजहरु प्रमोद खरेल र छेवाङ लामा पनि सहभागि थिए ।

प्रिमियरमा तेस्रो सिजनको पहिलो एपिसोड स्क्रिनिङ गरिएको थियो । तेस्रो सिजनलाई रोनिस्मा श्रेष्ठले होस्ट गर्नेछिन् । प्रमोद र छेवाङबाहेक मेलिना राई र मिलन नेवार पनि जजको रुपमा छन् ।

तेस्रो सिजनको प्रसारण शुक्रबार राती ८ बजेदेखि हिमालय टिभीमा ब्लाइन्ड अडिसनदेखि सुरु हुनेछ । ब्लाइन्ड अडिसनबाट ४८ जना प्रतिस्पर्धी छनोट हुनेछन् ।

द ब्याटल, लाइभ शो, सेमीफाइनल र फिनाले तय छन् । साउन ३२ गते हुने फिनालेमा तेस्रो सिजनले विजेता पाउनेछ ।

दुई महिना चल्ने तेस्रो सिजनमा नयाँ विशेषता थपिएको छ । 'भ्वाइस अफ नेपाल'मा जस्तै यो सिजनदेखि भ्वाइस किड्समा पनि पहिलोपटक कोचलाई ब्लकको अधिकार प्रदान गरिएको छ । लाइभ शोमा २४ जनाले प्रवेश पाउनेछन् । साथै, एक जना कोचले ब्याटलमा दुई जनालाई स्टिल गर्न पाउने सुविधा पनि थपिएको छ ।

प्रतियोगितामा ६ देखि १४ वर्ष उमेरसम्मका बालबालिकाले प्रतिस्पर्धा गर्न पाउनेछन् । 'यो बच्चाको शो होइन । तर बच्चा चाहिं कन्टेन्टको रुपमा प्रयोग हुन्छन्,' निर्देशक पौडेलले भने । यसपटक नेपालसहित भारत र अमेरिका लगायतको मुलुकका बाल प्रतियोगी पनि यो सिजनमा देखिनेछन् ।

सिजन ३ को मुख्य प्रायोजकमा वात्सल्य नेचुरल आइभीएफ रहँदा पावर्ड बाई अलआउट र एनआइसी एसिया बैंक छन् । सह-प्रायोजकमा करेन्ट इन्स्टान्ट नुडल्स छन् । पिम्पल केयर पार्टनर एक्निज, स्किन ट्रिटमेन्ट पार्टनर 'लेट मी इन', न्युट्रिसन पार्टनर 'नेबिको' र भोटिङ पार्टनरको रुपमा खल्ती छन् ।

# 'पुष्पा २'को रिलिज मिति पछि सर्‍यो



काठमाडौं/३१ साउनमा पुष्पराज र श्रीवल्लीबीचको जादुयी केमेस्ट्री हेर्न दर्शक अधैर्य भैरहेको बेला फिल्मको रिलिज स्थगित भएको चर्चा चलेको छ । हो, तपाईंले त्यो सही पढ्नुभयो ।

प्रतीक्षित दक्षिण भारतीय फिल्म 'पुष्पा २'को प्रदर्शन मिति पोस्टपोन्ड भएको छ । तेलुगु ३६० को रिपोर्टअनुसार, सुकुमारको एक्सन फिल्मको रिलिज स्थगित गरिएको छ ।

सुकुमार र उनको टोलीले सिक्वेलका लागि केही दृश्य पुन: डिजाइन गरेका छन् जसको छायांकन अहिले चलिरहेको छ । यसबाहेक, फिल्ममा खलपात्रको भूमिका निर्वाह गर्ने अभिनेता फहद फासिलले हालैमात्र आफ्नो छायांकन मितिबारेबारे जानकारी पाए र अहिले सुटिङ गरिरहेका छन् ।

दृश्य सम्पादक कार्तिक श्रीनिवासले निर्माण छाडेकाले नवीन नुली फिल्मको फाइनल कटमा काम गरिरहेका छन् । यसैबीच, सुकुमार भिजुअल इफेक्टको कामबाट प्रभावित नभएको देखिन्छ, त्यसैले पोस्ट-प्रोडक्सनको काम पुरा गर्न धेरै समय लाग्न सक्छ ।

यी रिपोर्टलाई विचार गर्दा, 'पुष्पा २'को रिलिज रोकिएको छ । यद्यपी यसबारे निर्देशक वा कलाकारले अहिलेसम्म कुनै पुष्टि गरेका छैनन् । अल्लु अर्जुन र रश्मिका मन्दाना स्टारर 'पुष्प २ : द रुल' सन् २०२१ मा रिलिज भएको फिल्म 'पुष्पा : द राइज'को दोस्रो सिक्वेल हो । यी दुबै फिल्मको निर्देशक सुकुमार हुन् ।

# 'दान्भी'मा मैले 'रिक्स' नै लिएको हुँ : पूजा शर्मा



काठमाडौं/अभिनेत्री पूजा शर्माको छवि 'लभर गर्ल'को रुपमा बनेको छ । 'प्रेमगीत' होस् वा 'म यस्तो गीत गाउँछु' श्रृंखला, यी फिल्मले उनलाई रोमान्टिक भूमिकामा स्थापित गराए । तर, उनी 'स्टेरियोटाइप' भएको आरोप भने अक्सर लाग्ने गरेको थियो । यसैले पनि हुनसक्छ, पूजाले आफ्नो 'कम्फर्ट जोन'बाट बाहिर निस्किएर पहिलोपटक एक्सन प्रधान फिल्ममा काम गरेकी छन् । त्यो फिल्म हो, 'दान्भी' ।

ट्रेलर सार्वजनिक भएपछि धेरैले उनको एक्सनको तारिफ गरेका छन् । उनी पनि फिल्मलाई लिएर उत्साहित र गम्भीर देखिन्छिन् । अहिलेसम्म सबैभन्दा बढी मिहिनेत यही फिल्ममा गरेको उनको अनुभव छ । बुधबार पत्रकारसँगको भेटमा उनले भनिन्, 'मलाई यो फिल्ममा काम गर्न एकदमै गाह्रो भयो । मैले अहिलेसम्म गरेका फिल्ममध्ये सबैभन्दा गाह्रो र मेहनत गरेको फिल्म यही नै हो ।'

उनी 'दान्भी'लाई आफूले 'रिक्स' लिएर काम गरेको फिल्म मान्छिन् । 'यसमा मैले 'रिक्स' नै लिएको हुँ । मैले कहिल्यै एक्सन गरेको थिइनँ । यो जनरामा काम पनि गरेको थिइनँ,' उनी भन्छिन्, 'लभस्टोरी मात्र गरिरहेकाले नयाँ अनुभव हुन्छ भनेर 'दान्भी' गरेको हुँ । यसपछि चाहिँ एक्सनको बारेमा धेरै ज्ञान भयो ।' 'दान्भी'मा आफूले गरेको एक्सन दर्शकलाई वास्तविक लाग्नेमा पूजा विश्वस्त छिन् ।

नेपालमा महिला केन्द्रित एक्सन फिल्म विरलै बन्ने गरेकाले दर्शकलाई 'दान्भी' नयाँ लाग्ने पूजाको विश्वास छ । भन्छिन्, 'पहिला रेखा थापाको एक्सनको चर्चा हुन्थ्यो । अचेल महिला पात्रले एक्सन गरेको फिल्म कमै आइरहेको छ । यसैले दर्शकहरुलाई फिल्म नयाँ लाग्छ भन्नेमा विश्वस्त छु । र, दर्शकहरु पनि उत्साहित हुनुहुन्छ । एउटा केटीले एक्सन गरेकाले फिल्मलाई 'नोटिस' गर्नुभएको छ ।'

पूजालाई 'दान्भी'मा काम गर्न एक्सनले नै आकर्षित गरेको रहेछ । र, यसका लागि आफूले धेरै अभ्यास गरेको उनी स्मरण गर्छिन् । 'मलाई फिल्मको एक्सन पार्टले नै तानेको हो । मैले यसका लागि धेरै अभ्यास गरेँ । एक महिना जति एक्सन सिकेँ । त्यो सिकाईले सुरुमा हात-खुट्टा नै चल्दैन थियो । सुटिङमा एकैदिन ६/७ घण्टा एक्सन गरेँ । अहिले पनि त्यो सम्झिँदा गाह्रो हुन्छ,' उनले भनिन् ।

# सुशासनमा सकारात्मक...

राष्ट्रको सबै क्षेत्रमा नकारात्मक असर सिर्जना गरी वित्तीय, कानुनी, राजनीतिक र सुरक्षा प्रणालीमाथि नै गम्भीर समस्या सिर्जना गर्छ । यस्ता दुश्परिणाम रोक्न पनि अब कालो धनलाई शुद्धीकरण गरी सेतो बनाउने अपराधीलाई कुनै हालतमा पनि छोड्नुहुँदैन । अहिले विभागले अनुसन्धान गर्ने तर त्यसलाई बीचैमा छोड्नेजस्तो गम्भीर गल्ती गर्नुहुँदैन । जोसुकै होस्, टुंगोमा पुर्‍याउनै पर्छ । यसै गरी राजस्व अनुसन्धान विभागले पनि राजस्व छली गर्नेहरुमाथि कठोर कदम चाल्नै पर्छ । राजस्व छली हुने क्रम अहिले पनि व्यापक छ । राजस्व अनुसन्धान विभागले छली भएका ठाउँमा व्यापक अपरेसन गर्नुपर्छ र ठाउँका ठाउँ कारबाही गर्ने हिम्मत गर्नुपर्छ । एक-दुई ठाउँमा छापा हान्ने र त्यसै छोड्नेजस्ता कार्य गरिएमा त्यसले विभाग र विभागको नेतृत्वमाथि नै गम्भीर प्रश्नचिह्न सिर्जना हुन सक्छ । त्यसैले कुनै पनि प्रकारका प्रश्नहरु नउठ्ने गरी राजस्व अनुसन्धान विभागले निरन्तररुपमा आक्रामक कारबाही थाल्नुपर्छ । ताकि विभागको कारबाहीबाट कुनै निकायले पनि राजस्व छल्ने हिम्मत गर्न नसकोस् र मुलुकको राजस्व वृद्धि हुने क्रम ह्वात्तै बढ्न सकोस् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले सबै मन्त्रालयसँग समन्वय गरी सुशासन, सेवा प्रवाह, विकास र समृद्धिको विषयलाई महाअभियानको रुपमा सञ्चालन गर्नु अत्यावश्यक छ । यसको लागि सबै सरकारी अधिकारी र कर्मचारीहरुले स्वार्थप्रेरित भावना अन्त्य गर्न सक्नुपर्छ । सरकारका हरेक निकाय र राजस्व क्षेत्रमा कार्य गर्ने विशेष निकायहरुको काम-कारबाहीको प्रभावकारी अनुगमन पनि गर्न जरुरी छ । भ्रष्टाचार आज यति धेरै फैलिएको छ कि यसले सामाजिक अवयवलाई समेत भ्रष्ट बनाइसकेको छ । त्यसै गरी शासकीय अंगबीच नियन्त्रण र सन्तुलनको व्यवस्था, सार्वजनिक गतिविधिमाथिको तेस्रो आँखाको बलियो निगरानी, स्वतन्त्र सञ्चारमाध्यम, नागरिक समाजको संरक्षण र प्रवर्द्धन, निर्वाचन खर्चमा नियन्त्रण, मतदाता शिक्षा, कम खर्चिलो निर्वाचन प्रणालीजस्ता उपायले पनि सदाचार कायम गर्न सघाउ पुग्छ । सुशासन कायम गर्ने महत्वपूर्ण भूमिकामा रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकायले जनताको सेवामा प्रभावकारी रूपमा काम गर्न नसक्ने र आफ्नो जिम्मेवारीअनुसारको काम नगर्ने कर्मचारीहरूमाथि पनि विशेष निगरानी र अनुगमन गर्नुपर्छ । अख्तियारले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनको दिशामा निरोधात्मक, प्रवर्द्धनात्मक र दण्डात्मक रणनीति अन्तर्गत काम गर्दै आइरहेको र यसले निरोधात्मक एवं प्रवर्द्धनात्मक कार्यअनुसार आम कर्मचारीलाई जिम्मेवार बनाउन र सुशासनमा विशेष ध्यान दिने बनाउनु पर्छ । *(साभार: नेपाल समाचार-पत्र)*

# नेप्से ६.३७ अंकले बढ्यो, चार दिन बढेपछि हाइड्रो उपसूचकमा करेक्सन

काठमाडौं/सेयर बजार परिसूचक नेप्सेमा लगातार तेस्रो कारोबार दिन पनि वृद्धि भएको छ । साताको पहिलो कारोबार दिन एकल अंकको सामान्य गिरावट भएको बजार परिसूचक नेप्से त्यसयताको ३ कारोबार दिनमा भने वृद्धि भएको हो ।

मंगलबार ३३.१५ अंकले बढेको नेप्से बुधबार ६.३७ अंक (०.३०) प्रतिशतले वृद्धि भएर २१२१.६२ को बिन्दुमा बन्द भएको छ । नेप्सेसँगै कारोबार रकम पनि बढेको छ । सोमबार ५ अर्ब ४९ करोड बराबर कारोबार भएको बजारमा मंगलबार साढे ५ अर्ब नाघ्दा बुधबार करिब ६ अर्बको कारोबार भएको छ ।

बुधबार ७४ हजार ८ सय ५४ वटा कारोबारमा १ करोड २९ लाख ५० हजार ४०७ कित्ता सूचीकृत धितोपत्र किनबेच हुँदा ५ अर्ब ८९ करोड ४१ लाखको कारोबार भएको छ । जसमध्ये एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट कम्पनीको २७ करोड ६४ लाखको कारोबार भएको छ ।

त्यस्तै सीईडीबी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको सेयरमूल्य २४ करोड ४८ लाख, ग्रिनलाइफ हाइड्रोपावर कम्पनीको १९ करोड ९५ लाख, माउन्टेन इनर्जीको १४ करोड ३१ लाख र सोनापुर मिनिरल्स एन्ड आयल कम्पनीको १४ करोड ३ लाखको कारोबार भएको छ ।

बुधबार बजारमा फाइनान्स कम्पनीसँगै बैंकिङ र लघुवित्तले उपसूचकले साथ दिएको छ । हाड्रोपावर, निर्जीवन बीमा, व्यापार र होटल तथा पर्यटन उपसूचकमा भने करेन्सन देखिएको छ । हाइड्रोपावर उपसूचक लगातार ४ कारोबार दिन बढेर बुधबार करेक्सन देखिएको हो । 'ट्रेडर' हाबी भई लकइन नखुलेको कम सेयर सप्लाई भएको हाइड्रोपावर कम्पनीको सेयमूल्य कर्नरिङ गरेर बढाइरहेकोमा बुधबार भने हाइड्रोपावर उपसूचकमा करेक्सन देखिएको हो । यस्तै लघुवित्तमा पनि कम चुक्ता पूँजी भएर सेयर सप्लाई कम भएको कम्पनीको सेयर मूल्यमा 'ट्रेडर' हाबी भएको देखिन्छ ।

वित्त कम्पनी उपसूचक सर्वाधिक १.०७ प्रतिशतले वृद्धि हुँदा बैंकिङ उपसूचक ०.८३ प्रतिशत र लघुवित्त उपसूचक ०.८८ प्रतिशतले बढेको छ । हाइड्रोपावर उपसूचक सर्वाधिक ०.६१ प्रतिशतले गिरावट हुँदा निर्जीवन बीमा उपसूचक ०.४८ प्रतिशत, व्यापार उपसूचक ०.३६ प्रतिशत र होटल तथा पर्यटन उपसूचक ०.१८ प्रतिशतले गिरावट भएको हो । बुधबार बजारमा कुल २४७ सूचीकृत कम्पनीको सेयर कारोबार भएकोमा ११९ कम्पनीको सेयरमूल्य बढेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेसिउलिका अध्यक्ष भण्डारीको पदबहाली




साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/हेटौंडा सिमेन्ट उद्योगका नवनियुक्त अध्यक्ष नरेन्द्र भण्डारीले बुधबार उनले उद्योग कार्यलयमा पदभारग्रहण गरेका छन् ।

संघीय मन्त्रिपरिषद्ले केही दिनअघि भण्डारीलाई उद्योगको अध्यक्षमा नियुक्त गरेको थियो । पदभारग्रहण गर्दै अध्यक्ष भण्डारीले उद्योगमा विभिन्न समस्या भएपनि समाधान गर्न सकिने बताए । 'विगत तीन/चार वर्षमा भएको कमी कमजोरी पहिल्याउने छौं' भण्डारीले भने-'समाधानको अल्पकालीन र दीर्घकालीन बाटो तय गरिने छ ।' कामको सिलसिलामा आउने प्रतिक्रिया सकारात्मक रुपमा आए सहज र उपयुक्त वातावरण सृर्जना गरी उत्पादनलाई बजारमा व्यवस्थापन गरिने उनले बताए ।

महाप्रवन्धक वसन्तकुमार पाण्डेले उद्योगको अवस्था राम्रो नभएको बताउदै आन्तरिक स्रोतबाट उद्योग संचालन हुने अवस्था नरहेको बताए । महाप्रबन्धक पाण्डेले सरकारको उचित निर्णय र सहयोग आवश्यक रहेको बताए । 'उद्योगबाट अवकाश भएका कर्मचारीको उपादान दिन सकिएको छैन' उनले भने-'अर्थ मन्त्रालयसम्म पहल गरिएकोमा कम्तिमा दुई वर्षका लागि समस्या अस्थायीरुपमा समाधान हुन सक्ने छ ।' उद्योगको समस्या टुङ्गिने वातावरण बन्ने उनले बताए ।

नेकपा एमाले मकवानपुर जिल्ला अध्यक्ष श्रीधर पोखरेलले ५ हजार भन्दा बढीलाई रोजगारी दिने उद्योग बन्द हुन नदिने बताए । 'मजदुर कर्मचारीको सहयोगबिना उद्योगमा केही गर्न सकिने अवस्था छैन' उनले भने । ५२/५३ वटा चुन ढुंगा तथा सिमेन्ट उद्योगसँग प्रतिष्पर्धा गर्नुपर्ने अवस्था रहेको बताउँदै उनले यही हालतमा हेटौंडा सिमेन्ट उद्योगले गति लिन नसक्ने बताए । प्रतिष्पर्धामा उत्रन सबै मिलेर काम गर्नुपर्ने तर्क उनले गरे ।

संविधानसभा सदस्य अनन्त पौडेलले सबै मिलेर सार्थक प्रयास गरे सफल हुन सकिक्ने धारणा राखे । लामो समय मुनाफामा चलेको सिमेन्ट उद्योग नेपालकै खानीले बाँच्नुपर्ने उनले बताए । पदभारग्रहण कार्यक्रममा उद्योगका कामदार, कर्मचारीसँगै बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईं, मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष उज्वल चौलागाई लगायतको उपस्थिति रहेको थियो ।

# मउवासंघले बुझायो सबै पालिकामा कृषिका सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ मकवानपुर उद्योग वाणिज्य संघले मकवानपुरका सबै स्थानीय तहमा कृषिसम्बन्धी सुझावमूलक अवधारणा पत्र बुझाएको छ । भीमफेदीबाहेक मकवानपुरका सबै पालिकामा फरकफरक मितिमा पालिकाको कार्यालयमा पुगी सुझाव पेश गरिएको हो । भीमफेदी गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षलाई भने हेटौंडामा आउँदा संघको कार्यालयमा प्रस्तुतिकरणसहित बुझाइएको हो ।

पहिलो चरणमा कैलाश, राक्सिराङ र मनहरी, दोश्रो चरणमा बकैया र बागमती, तेश्रो चरणमा मकवानपुरगढी, चौथो चरणमा थाहा र इन्द्रसरोवर, पाँचौं चरणमा भीमफेदी र छैठौं पटकमा हेटौंडा उपमहानगरपालिकामा सुझाव पेश गरेको हो । मकवानपुर उद्योग वाणिज्य संघअन्तर्गत रहेको कृषिप्रवर्द्धन समितिले तयार गरेको अवधारणा पत्रले पालिकाको कृषिसम्बन्धी नीति निर्माणमा मद्दत पुग्ने र अन्ततः स्थानीय कृषक लाभान्वित हुने अपेक्षा गरिएको छ ।

हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले नगर कार्यपालिकाको कार्यालयमा बुधबार कृषिसम्बन्धी सुझावमूलक अवधारणापत्र ग्रहण गरेकी छन् । मउवासंघका सहकोषाध्यक्ष तथा कृषिप्रवर्द्धन समितिका संयोजक निलम पाण्डेले कृषि सम्बन्धी अवधारणापत्र बुझाएकी थिइन् । जसमा मउवासंघका कार्यसमिति सदस्य दिवस पराजुली तथा सीतादेवी भेटवाल र कृषिप्रवर्द्धन समितिका सदस्य ठूलीमाया मोक्तानलगायतको उपस्थिति रहेको थियो ।

# उपमहानगरका जनप्रतिनिधिसँग विद्यार्थीको अन्तरसम्बाद



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/हेटौंडा उपमहानगरमा बालश्रम निवारणका लागि जनप्रतिनिधिसँग बालबालिका अन्तरसंवाद भएको छ । बुधवार बालश्रमविरुद्धको विश्वदिवसको अवसरमा बालकल्याण समाज मकवानपुरले आयोजना गरेको कार्यक्रममा उपमहानगरका विद्यार्थी र जनप्रतिनिधिसँग अन्तरसंवाद भएको हो ।

उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उपमहानगरका करिव ३० जना विद्यार्थी सहभागी रहेका थिए । सहभागी विद्यार्थीले जनप्रनिधिसँग उपमहानगरले बालबालिकाको क्षेत्रमा के कसरी काम गरिरहेको छ ? भन्दै प्रश्न गरेका थिए । उनीहरुले बालबिवाह रोक्न, बालश्रम र कुलतमा फसेका बालबालिकालाई छुटाउने खालका योजना ल्याउन उपमहानगरलाई सुझाव दिएका थिए ।

उपप्रमुख बानियाँले बालबालिकाको क्षेत्रमा १२ प्रतिशत भन्दाबढी बजेट उपमहानगरले छुट्याएको जानकारी दिए । हेटौंडा उपमहानगर बालमैत्री घोषणा गर्ने तयारी रहेको भन्दै उपप्रमुख बानियाँले नीति तथा कार्यक्रम पनि बालबालिकालाई नै समेटेर आउने बताए । उनले हरेक बालबालिकाको समस्याको सम्बोधन स्थानीय सरकारले गर्ने प्रतिवद्धता गरे ।

त्यसैगरी उपहानगर प्रवक्ता एवम् हेटौंडा-१ का वडाअध्यक्ष सविन न्यौपानेले बालबालिकाको क्षेत्रमा काम गर्दै गर्दा छिटपुट रुपमा केही बालबिवाह र बालश्रमका घटना भेटिने गरेको बताए । उनले उपमहानगरका प्रत्येक वडाले बालबालिकाको क्षेत्रमा ५ देखि १० लाखसम्म लगानी गरिरहेको जानकारी दिए ।

कार्यक्रममा बालकल्याण समाजका अध्यक्ष प्रकाश खतिवडाको नेतृत्वमा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमा बालश्रम निवारणसम्बन्धी कार्यक्रम समावेश गर्न उपप्रमुख बानियाँ र प्रवक्ता न्यौपानेलाई ज्ञापनपत्र समेत बुझाइएको थियो ।

नगर बालसञ्जालकी उपाध्यक्ष कृसाङ्गी अर्यालयको सभाध्यक्षतामा भएको कार्यक्रममा कार्यपालिका सदस्य ईश्वरी रसाईली, वडासदस्य मनु दाहाल, बालसहजकर्ता कृष्टिना मैनालीलगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडा-११ सिमलटारमा खेलमैदानको उद्‌घाटन



साझाकुरा संवाददाता

हेटौंडा, ३० जेठ/ हेटौंडा-११ सिमलटारमा निर्माण भएको फुटबल खेलमैदानको उद्‌घाटन भएको छ । हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले नवनिर्मित खेलमैदानको उद्‌घाटन गरेका हुन् । हेटौंडा उपमहानगर पालिकाको १० लाख रुपैयाँ र हेटौंडा-११ नम्बर वडाको १० लाख रुपैयाँ गरी २० लाख रुपैयाँको लागतमा खेलमैदान निर्माण गरिएको हो ।

खेलमैदानको उद्‌घाटन गर्दै नगरप्रमुख लामाले खेलकुदको विकासका लागि पूर्वाधार निर्माणको कामलाई गति दिएको बताइन् । नगरका १९ वडामा खेलमैदान निर्माणका लागि चालु वर्षमा बजेट बिनियोजन गरी काम भैरहेको भन्दै खेलाडी उत्पादन र खेलक्षेत्रको विकासका लागि लागिरहेको बताइन् ।

उपमहानगर क्षेत्रभित्र रहेपनि सिमलटारबासी जमिन र खानेपानीको समस्यालाई समाधान गर्नका लागि नीतिगतरुपमा काम गरिरहेको बताइन् । जमिनको अधिकारका लागि पहिलो चरणको काम भएपनि जग्गाधनी पुर्जाको काम हुन नसके पनि चाँडै त्यसको व्यवस्थापनको काम हुने बिश्वास व्यक्त गरिन् । उनले खानेपानीको व्यवस्थापनका लागि उपमहानगरबाट बजेट बिनियोजन भएर खानेपानी बोर्डले काम गरिरहेको बताइन् ।

नगरप्रमुख लामाले नियम र कानुनको परिधिभित्र रहेर काम गरिरहेको बताइन् । सिमलटार लक्षित गर्दै बुद्धपार्क, राप्ती रिभर पार्क, खेलमैदानको काम भएपनि बाक्लो बस्तीमा बालउद्यानको काम हुन नसकेकोप्रति चासो दिंदै चाडै कामअघि बढाइने बताइन् । कार्यक्रममा उपप्रमुख बानियाँले खेलमैदानको थप व्यवस्थापनका लागि उपमहानगरले काम गर्ने बताए । उनले मैदानको व्यवस्थापन गर्दै आउने पिंढीलाई अघि बढ्ने अवस्था तयार पार्ने जिम्मेवारी हामीमा रहेको बताए । उनले खेलकुदको विकासका लागि उपमहानगर लागिरहेको बताए ।

सिमलटार टोल विकास संस्थाका अध्यक्ष सूर्यमान लामाको अध्यक्षतामा भएको कार्यक्रममा ११ नम्बरका वडा अध्यक्ष जुना दाहाल, एन्फाका केन्द्रीय सदस्य टीकाराम लामा, नगर खेलकुद विकास समितिका अध्यक्ष रबिन्द्र घिमिरे, वडा सदस्य सञ्जय बिडारी, वडा खेलकुल विकास समितिका अध्यक्ष प्रभाकर पुडासैनीलगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा खेलमैदान निर्माणका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नेहरु र स्थानीय महिला बाजा समूहलाई सम्मान गरिएको थियो । सिमलटारक्षेत्रमा करिब १७ सय घरघुरी बसोबास गर्दै आएका छन् ।

# अदालतमा मुद्दाको चाङ, संसद्‌मा उठ्यो प्रश्न

काठमाडौं, ३० जेठ/ बुधबार प्रतिनिधि सभामा कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयको आगामी आर्थिक बर्षको बजेटमाथि छलफलमा सांसदहरुले अदालतमा थुप्रिएका मुद्दाहरु सम्झिए । न्यायमा जनताको पहुँच कत्ति छ ? कति समयमा पीडितले न्याय पाइरहेका छन् ? यो ख्याल गरेर आवश्यक नीति अखितयार गर्न कानुन न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीलाई सांसदहरुको सुझाव थियो ।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका सांसद राजेन्द्र केसी अदालतमा बर्षौंदेखिका मुद्दा बिचाराधीन रहेको बताउँछन् । 'हामीकहाँ २० वर्ष, ३० वर्ष ४० वर्ष, ५० वर्षदेखि एउटै मुद्दा रहन्छ । कमसकेकम तपाईंको कार्यकालमा कसरी हुन्छ न्यायाधीशको संख्या बढाएर हुन्छ या अन्य जनशक्ति राखेर हुन्छ । पाँच/सात वर्षमा त कम्तिमा मुद्दा छिनिनुपर्‍यो नि' उनले भने ।

नाती पुस्तामा पुगेर न्याय पाए पनि त्यसको महत्व नहुने बुझिदिन उनको आग्रह थियो । सांसद केसी भन्छन्, 'नातीको पालाको मुद्दा छिनेर न्याय हुँदैन । यसकारण कसरी हुन्छ मुद्दा छिटो फरफारक गर्नेतिर ख्याल गरियोस् ।'

सर्वोच्च अदालतमा मात्रै ३९ हजार ६४१ मुद्दाको लगत छ । यसमध्ये १३ हजार ३७७ फर्स्योट भएका छन् भने २६ हजार ३७७ मुद्दा विचाराधीन छन् । तीमध्ये १३ हजार चार सय दुई वर्ष नाघेका र तीन हजार सात सय पाँच वर्ष पुराना मुद्दा छन् । सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेका अनुसार १० वर्ष नाघेका मुद्दाको संख्या ९ वटा, ५ वर्ष नाघेका तीन हजार ५२९ र दुई वर्ष नाघेका मुद्दा १२ हजार ५२५ वटा रहेका छन् ।

सरकारले आगामी आर्थिक वर्षका लागि कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका लागि ५४ करोड ५३ लाख रुपैया बजेट विनियोजन गरेको छ । नेपाली कांग्रेसका सांसद संजयकुमार गौत्तम न्यायको न्युनतम मान्यता 'ढिलो न्याय पाउनु भनेको न्याय नपाए सरह हो' भन्नेलाई बुझेर काम गर्न सुझाव दिन्छन् । उनी भन्छन्, 'जस्टिस डिले, जस्टिस डिनाइ । यो कुरालाई ख्याल गर्नुहोला ।'

न्यायलयलाई कुनै बिचार समूहको भर्ती केन्द्र नबनाउन पनि उनको सुझाव थियो । उनले भने, 'त्यस (न्यायलय) लाई भर्ती केन्द्र नबनाएर कमसेकम योग्य र सामर्थ्यमान मानिसहरु पुग्ने ठाउँ बनाउनुहोला । न्याय निरुपण हुन सकेन भने झन ठूलो बर्बादी हुन्छ ।' राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद ‌ ुवबहादुर प्रधानले बर्षौंदेखिका मुद्दाको फैसलाका लागि आवश्यक परे संविधान संशोधन गरेर अगाडि जानेगरी पहल लिन आग्रह गरे ।

'बर्षौं बर्षदेखिका मुद्दा सम्बोधन गरेर जानुपर्छ । आवश्यक परे संविधानमा सुधार गर्न सकिन्छ । बेन्चहरु निर्माण गरेर पनि जान सकिन्छ कि' उनी थप्छन्, 'न्यायका लागि केही ऐन वाधक भए संशोधन विधेयक ल्याउनुहोस् ।' मुद्दाको चाप बढेको भनेर न्यायलयले नै नयाँ ऐन ल्याउने विषय अगाडि बढाएको उनले स्मरण गरे ।

कानुन मन्त्रालयका कतिपय योजना र त्यसका लागि विनियोजन भएको बजेटले जनताकेन्द्रित बजेट आउन नसकेको प्रष्ट्याउँदै सांसद प्रधानले भने, 'निशुल्क न्याय सेवाका लागि प्रत्येक प्रदेशमा एक/एक लाख विनियोजन भएको छ ।' कुन न्यायाधीशको बेन्चमा मुद्दा पर्छ त्यसपछि मात्रै अगाडि बढाउने कि नबढाउने भन्ने समेत रहेको स्मरण गर्दै सांसद प्रधानले यसलाई चिर्ने गरी काम गर्न कानुमन्त्री गिरीलाई नामै लिएर सुझाए । 'जुन आक्षेप खेप्दै आएका छौं, कसकोमा परेपछि मेरो मुद्दा अगाडि बढाउँछु भन्ने खालको कुरा अन्त्य गर्न यहाँको प्रयास भए सबैले सराहना गर्नेछन्' सांसद प्रधानले भने ।

नेकपा माओवादी केन्द्रका सांसद पूर्णबहादुर घर्तीले कानुन मन्लायलयले विनियोजन गरेको शीर्षकहरुमा रकम अपुग रहेको औंल्याए । 'संक्रमणकालीन न्याय सम्बन्धी काम र सत्य निरुपण मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिहको लागि बजेट छुट्याइएको देखिएन' उनले थपे, 'द्वन्द्वपीडितको लागि क्षतिपुर्ति र परीपुरणका लागि बजेट देखिएन ।'

संघीयता कार्यानवयनका लागि कानुन बनाउन आवश्यक रहेको तर, यसको तयारी गर्ने नेपाल कानुन आयोगका लागि समेत प्रयाप्त बजेट नभएको उनले बताए ।नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौला अदालतप्रति नागरिकहरुको भरोसा बृद्धि गर्न जे जे गर्नुपर्ने त्यो सबै गर्नका कानुनमन्त्री गिरीलाई सुझाव दिए ।

'अदालतप्रति जब नागरिकको भरोसा कम हुन्छ तब डेमोक्रेसी कमजोर हुन्छ' उनी भन्छन्, 'अदालतप्रतिको भरोसा भनेको- न्याय सम्पादनमा प्रभावकारिता हो, निश्पक्षता हो र छिटो न्याय सम्पादन पनि हो ।' फैसला कायान्वयनमा पनि सरकार गम्भीर हुनुपर्ने उनको सुझाव थियो । अदालतको फैसला कायानवयनका लागि फैसला कार्यान्वयन निर्देशनालय रहेको, जिल्ला/जिल्लामा तहसिल शाखा रहेको तर, त्यसमा स्रोत साधन र जनशक्ति नरहेको उल्लेख गर्दै उनी भन्छन्, 'फैसला अदालतले गर्ने हो तर, अब फैसला कायान्वयनको जिम्मा नेपाल सरकारले लिनुपर्छ ।' यसका लागि सरकारले आवश्यक संरचना समेत बनाउन सक्ने उनको सुझाव थियो । 'फैसला कार्यान्वयनसँग सम्बन्धित एउटा प्राधिकरण निर्माण गरौ ।

*(स्रोत: अनलाइनखबर)*

# कहिल्यै प्राथमिकतामा नपरेको संवैधानिक पदाधिकारी विरुद्धको मुद्दा

काठमाडौं, ३० जेठ/ साढे ३ वर्षदेखि संवैधानिक इजलासमा विचाराधीन संवैधानिक पदाधिकारी विरुद्धको मुद्दालाई सर्वोच्च अदालतले बुधबार पनि अघि बढाउन सकेन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको पालामा नियुक्त ५२ संवैधानिक पदाधिकारी विरुद्धको मुद्दा संवैधानिक इजलासबाट निरन्तर सर्दै आएको छ । बुधबार भने मुद्दाको चापले 'हेर्न नभ्याइने' हुँदा पालो नपाएको हो ।

अधिवक्ता ओमप्रकाश अर्याल लगायत १५ जनाले दायर गरेको छुट्टाछुट्टै रिट निवेदन साढे ३ वर्षदेखि सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन छ । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमसेर जबराको स्वार्थका कारण उनले हेर्न नमिल्ने अवस्थाको मुद्दा उनको अवकाशपछि समेत सुनुवाइमा ढिलाइ हुँदै आएको छ । जबराका कारण मात्रै मुद्दा १५ महिना धकेलिएको थियो ।

पछि सर्वोच्च अदालतको एकल इजलासले नै प्रधानन्यायाधीश विना उक्त मुद्दाको सुनुवाइ नगर्नू भनी अन्तरिम आदेश दियो । १ फागुन २०७८ मा जबरामाथि महाभियोग लागेपछि मात्रै मुद्दाको सुनुवाइ अघि बढेको हो । ११ साउन २०७९ मा सर्वोच्च अदालतको संवैधानिक इजलासले मुद्दालाई प्राथमिकता दिन आदेश जारी गरेको थियो ।

सरोकारवालाहरूसँग जवाफ माग्न र मागिएका सबै कागजात मिसिलमा संलग्न गर्न आदेश दिंदै सर्वोच्च अदालतले भनेको थियो, 'अब प्रक्रियागत काम कारबाही सम्पन्न नभएको वा अधुरो रहन पुगेको कारणबाट सुनुवाइमा बाधा नहुने सुनिश्चितता गर्नू,' अग्राधिकार (विशेष प्राथमिकता) पाएको मुद्दा त्यसपछिका दुई वर्षसम्म पनि सुनुवाइ हुन नसकेको हो । तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भित्रको आन्तरिक कलह उत्कर्षमा पुगेका बेला प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको संवैधानिक परिषद्ले दुई चरणमा ५२ संवैधानिक पदाधिकारी नियुक्त गरेको थियो ।

विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि
निःशुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रुपले विपन्न व्यक्ति र आकस्मिक रुपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्त तत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परीक्षण निःशुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनुहुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश !

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र 'बालबालिका सम्बन्धी ऐन, २०७५' समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि) मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरू भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

हेटौंडा उपमहानगरपालिका
७ नं. वडा समिति

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना